# शिक्षकहरुले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा

व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम एड)

द्वितीय वर्षको आंशिक आवश्यकता पूरा

गर्नका लागि तयार पारिएको

शोध पत्र


शोधकर्ता :

खगराज रिज्याल

क्याम्पस क्रमाङ्क : १५३/०६५

परीक्षा क्रमाङ्क : २४०००५/०६७

त्रि.वि. दर्ता नं. : ६८१५-८५

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर चितवन



२०७२

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
*(Affiliated to T.U. and HSEB, Nepal)*

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

**विषय : सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्.एड् दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि शोधकर्ता खगराज रिज्यालले **शिक्षकहरुले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्यांकनका लागि सिफारिस गर्दछु ।

................................

देन प्रसाद लामिछाने

उप-प्राध्यापक

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर चितवन

मिति : २०७२।११।२५

# कृतज्ञता ज्ञापन


प्रस्तुत शोधपत्रलाई पूर्णता दिनका लागि मैले विभिन्न महानुभावहरुवाट उचित सल्लाह, सहयोग र सुझावहरु प्राप्त गरेको छु । सर्वप्रथम सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागको विभागिय प्रमुख श्री कुबेरनाथ शर्मा र सोहि विभागका शोध निर्देशक आदरणीय गुरु श्री देन प्रसाद लामिछानेज्यू प्रति हार्दिक कृतज्ञता प्रदान गर्दछु ।

यस शोध कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न संघ संस्थाका महानुभावहरुले लेखन सामग्री उपलव्ध गराईदिनु भएकोमा उहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी यस शोध कार्यमा सहयोग गर्ने अध्ययनमा परेका विद्यालयका प्रमुखहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा शोधपत्र विना झन्झट कम्प्यूटर तथा सेटिङ गरी सहयोग पुऱ्याउने भाइ शालिक सापकोटाज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

खगराज रिज्याल

# शोधसार

*"शिक्षकहरुले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव" संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधाको अवस्था पहिचान गर्नु, संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधाले प्रभावपार्ने तत्वहरुको खोजि गर्नु, संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधामा देखापरेका समस्याहरु पत्ता लगाउनु, संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधामा देखापरेका समस्या समाधानका उपायहरु सुझाउनु, जस्ता उद्देश्यहरुमा प्रस्तुत शोधपत्रलाई केन्द्रित गरिएको छ ।*

*एफ. डब्लु टायलरको बैज्ञानिक व्यवस्थापन सिद्धान्त, जे स्टासी आडम्सको न्यायिक सिद्धान्तका, फ्रेडिक हेर्जब्रेजको प्रेरक सिद्धान्त तथा डायन्स ए रोन्डिनलको बिकेन्द्रीकरणको सिद्धान्तलाई आधार मानेर गरिएको प्रस्तुत अध्ययन अनुसन्धानमा शोधपत्रमा अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि यस अध्ययन अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका लेखरचना तथा पत्रपत्रिकाहरुलाई सम्बन्धित साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्र मुलतः गुणात्मक प्रकृतिको रहेको छ । जिल्ला शिक्षा कार्यालय, बागलुङ अन्तर्गत पर्ने रातमाटा अगुवा स्रोत केन्द्रमा संचालित चार संस्थागत विद्यालयका अभिभावक, प्र.अ., व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरु, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक यस अनुसन्धानका सम्वन्धित जनसंख्या रहेको छ । जसमा उद्देश्यपूर्ण नमुना छनोट विधिका अधारमा प्रत्येक विद्यालयबाट १।१ का दरले प्र.अ./प्राचार्य ४ जना, वि.व्य.स. अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ४ जना, अभिभावक ४ जना र शिक्षकहरु ४ जना विद्यार्थी ४।४ का दरले १६ गरी जम्मा ३६ जनालाई अध्ययनको जनसंख्याको रुपमा लिएर अध्ययन अनुसन्धान गरिएको छ । अन्तरवार्ता प्रश्नावली तथा अवलोकन फारमलाई अध्ययन कार्यका प्रमुख साधनहरु बनाइएको छ । प्राथमिक तथा द्वितीय स्रोतलाई आधार मानेर तथ्यांक सङ्कलन गरी संकलित तथ्यांकलाई स्पष्ट ढंगले सबैले बुझ्ने र व्यवहारिक बनाउनका लागि वर्णनात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ ।*

*छनोटमा परेका विद्यालयहरुमा शिक्षकलाई दिइएको सेवा सुविधा र पारिश्रमिकलाई हेर्दा अत्यन्त न्यून रहेको पाइयो । जसले गर्दा विद्यालयमा अध्यापन रत शिक्षकहरुमा निरुत्साह उत्पन्न भएको पाइयो । भने छनोटमा परेका ४ वटा विद्यालयमा पनि उचित सेवा सुविधा प्रदान गरिएका विद्यालयमा शैक्षिक उपलब्धि वृद्धि भएको पाइयो । अध्ययनका क्रममा छनोटमा परेका अभिभावक, शिक्षक एवम् विद्यार्थीसँको प्रतिक्रया अनुसार पनि संस्थागत विद्यालयको गुणस्तर सुधारका लागि शिक्षकहरुलाई दिइने पारिश्रमिक एवम् सेवा सुविधामा सुधार गर्नु पर्ने तथ्य प्राप्त भएको छ । जुनसुकै विद्यालयमा शिक्षण गर्ने शिक्षकको सेवा सुविधा र पारिश्रमिक न्यायोचित हुनुपर्दछ । समान कार्यभारमा समान पारिश्रमिकको व्यवस्था हुनु पर्दछ । यसको लागि संस्थागत विद्यालयको सवालमा विद्यालय प्रशासन, व्यवस्थापन समिति र अभिभावकले सोच्नु पर्ने अवस्था आएको छ । जुन विद्यालयमा शिक्षकको उचित कदर गरी उचित पारिश्रमिक एवम् सेवा सुविधा उपलब्ध गराइन्छ यो विद्यालयको शैक्षिक स्तर स्वतः माथि उठेको हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

# विषय सूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता पत्र

विषय सूची

**परिच्छेद एक**

**परिचय १-९**

१.१. अध्ययनको पृष्ठभूमी 1

१.२. समस्याको कथन 5

१.३. अध्ययनको औचित्य 6

१.४. अध्ययनका उद्देश्य 7

१.५. अनुसन्धन प्रश्न 7

१.६. अध्ययनको परिसिमा 8

**परिच्छेद दुई**

**सम्वन्धित साहित्यको पुनारावलोकन र सैद्धान्तिक खाका १०-१९**

२.१. सम्वन्धित साहित्यको पुनरावलोकन १०

२.२. अध्ययनको सैद्धान्तिक खाका १४

२.३. पुनरावलोकनको शैक्षिक उपादेयता १९

**परिच्छेद तीन**

**अनुसन्धान विधि २०-२३**

३.१ अनुसन्धानको ढाँचा २०

३.२. जनसंख्या र नमूना छनौट प्रक्रिया २२

३.३. तथ्याङ्क सङ्कलनका स्रोतहरु २२

३.४. अध्ययनका साधनको प्रयोग २२

३.५. तथ्याङ्क सङ्कलन विधि २३

३.६. तथ्याङ्कको विश्लेषण प्रक्रिया २३

**परिच्छेद चार**

**तथ्यांकको व्याख्या एवम् विश्लेषण २४- ४१**

४.१ संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधाको अवस्था २४

४.२ संस्थागत विद्यालयका शिक्षकको सेवा सुविधालाई प्रभाव पार्ने तत्वहरु ३२

४.३ संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधाले देखापरेका समस्याहरु ३६

४.४ संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधामा देखिएका समस्या समाधानका उपायहरु ३8

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरु ४१-४६**

५.१ निष्कर्ष ४२

५.२. सुझावहरु ४५

५.२.१. नीतिगत तह ४५

५.२.२ कार्यान्वयन तह ४६

५.२.३. अनुसन्धान तह ४६

**सन्दर्भ ग्रन्थहरु**

**अनुसरुचीहरु**

# परिच्छेद एक

# परिचय

शिक्षा देश विकासको प्रमुख माध्यम हो । सम्पूर्ण मानव जातिको विकासको मेरुदण्ड शिक्षा हो । देशको चौतर्फि विकास गराउने प्रमुख माध्यम पनि शिक्षा नै हो । बालवालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनको लागि सानै उमेर देखि औपचारीक शिक्षा दिने प्रयास गरिन्छ । यस्तो औपचारीक शिक्षा दिने सामुदायिक र संस्थागत विद्यालयहरुको व्यवस्था गरिएको छ ।संस्थागत विद्यालयमा कार्यरत शिक्षकले पाउने सुविधाले शैक्षिक उपलव्धिमा पार्ने असरमा आधारीत रही यो गरिएको छ ।

## १.१. अध्ययनको पृष्ठभूमी

शिक्षा सम्पूर्ण मानव जातिको विकासको मेरुदण्ड हो । मानव विकासको विकासक्रमलाई केलाउँदा परापूर्वकाल देखि मानिसहरुले आफूले जानेका ज्ञान, सीप, व्यवहार र सामाजिक मूल्य मान्यतालाई आफ्नो सन्ततिहरुमा हस्तान्तरण गर्दै आएको पाइन्छ । यस्तो हस्तान्तरण गर्ने कार्य घरपरिवार, टोल, छरछिमेक, समुदाय हुँदै अनौपचारीक संघ संस्थाका साथै औपचारीक संस्थामा विकसित हुन पुग्यो । परापूर्वकालमा गुरुहरुले शिक्षा दानको रुपमा प्रदान गर्ने गर्दथे तर यसरी मात्र सामाजिक आवश्यकतालाई धान्न नसकी नेपालमा आधुनिक शिक्षाको शुरुवात वि.सं. १९१० मा श्री जंग वहादुर राणाले काठमाडौं थापाथलीको दरवारचोकमा आफ्नो परिवारलाई अंग्रेजी माध्यमवाट शिक्षण गर्न पहिलो प्रधानाध्यापक Mr. Canning र सुपरिवेक्षकमा Mr. Ross लाई जिम्मा दिई खोलेको विद्ययालय नै नेपालको पहिलो अंग्रेजी विद्यालय हो । त्यसपछि मात्र शिक्षणलाई एक पेशागत रुपमा अंगालेको पाइन्छ ।

समयको परिवर्तनसंगै जनतामा आएको शैक्षिक जागरणको फलस्वरुप सरकारी तवरमा खुलेका विद्यालयहरुले मात्र शिक्षाको आवश्यकता पूरा गर्न सम्भव नभएकोले वि.सं. १९९६ को शिक्षाको इस्तिहारले निजी क्षेत्रवाट समेत विद्यालय खोल्न पाउने व्यवस्था भए अनुसार

हाल आएर नेपालमा सरकारी र नीजि तवरवाट संचालित विद्यालयहरु प्रसस्तमात्रामा खुलेका छन् । जसलाई सामुदायिक र संस्थागत विद्यालय भनेर चिनिन्छ । सांच्चै भन्ने हो भने शिक्षाको ठूलो भार संस्थागत विद्यालयले नै वहन गरेको पाइन्छ । यस्ता संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा शिक्षकहरुको उचित व्यवस्थापन र महत्व हुन नसकेको पाइन्छ । भनिन्छ मानवीय साधन व्यवस्थापनको एक कार्य हो । कर्मचारीहरुले संस्थामा योगदान गरेवापत पारिश्रमिक वा क्षतिपूर्ति दिनु त्यस्तो पारिश्रमिक वित्तिय वा गैर वित्तिय दुवै हुन सक्दछ । तलव ज्याला, भत्ता वा अन्य सुविधाहरु (औषधी भत्ता, विदाको तलव, शैक्षिक भत्ता आदि) मौद्रिक क्षतिपूर्ती दिनुका साथै आनन्दमय कार्य वातावरण, मनोरञ्जन, पदोन्नति आदि गैर वित्तिय पुरस्कारहरु पनि प्रदान गर्नु  पर्दछ । कर्मचारीहरुलाई यस्तो पारिश्रमिक वा पुरस्कार प्रदान गर्दा संस्थागत /संगठनात्मक उद्देश्य प्राप्तिमा उसले गरेको योगदानको आधारमा पर्याप्त र न्यायोचित हुनु पर्दछ (के.सी. २०४९) । यसरी हेर्दा विद्यालयका शिक्षकहरुले आफूले गरेको योगदान र परिश्रमको आधारमा पारिश्रमिक पाउनु पर्दछ भन्ने धारणा स्पष्ट हुन्छ । तर यस्तो कुरा कुनै पढ्नको लागि तयार गरिएको कितावहरुमा मात्र सिमित रहने गरेको पाइन्छ (के.सी. २०४९) ।

हामीले कर्मचारीलाई उत्प्रेरित गरी कार्य गराएमा मात्र संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने र स्वच्छ वातावरणमा कार्य सम्पदान गर्न सकिन्छ । त्यसैले कर्मचारी जवसम्म आफ्नो पेशामा सन्तुष्ट हुंदैनन् तबसम्म उनीहरुले काम गर्ने उत्साह घट्ने हुन्छ । एउटा व्यक्तिले जव वाध्यतामा काम गर्छ । उसको काम गर्ने तरिका र स्वतःस्फूर्त भएर काम गर्ने तरिकामा धेरै भिन्नता पाइन्छ र परिणाम पनि फरक पाइन्छ । त्यसैले कुनै पनि संस्थाको कार्य सूचारु रुपले संचालन गर्नुछ भने त्यस्ता संस्थाका कर्मचारीहरुलाई उत्प्रेरित गराउनु जरुरी हुन्छ । अतः संगठनात्मक उद्देश्य हांसिल गर्नका लागि उत्प्रेरणा ज्यादै महत्वपूर्ण पक्ष हो । कर्मचारीहरुका विभिन्न आवश्यकताहरु सन्तुष्ट गरेर उनीहरुलाई काम गर्नमा प्रेरित गर्ने दायित्व व्यवस्थापकको हुन्छ । उत्प्रेरणा मानिसको यस्तो आन्तरीक इच्छा आकांक्षा वा उद्देश्य हो । जसको प्राप्तिको लागि मानिस निश्चित कार्य गर्न अग्रसर हुन्छ, (के.सी. २०४९) ।

आफ्नो समानस्तरको कर्मचारी र आफ्नो तलब सुविधा असमान भएमा वा अरुको भन्दा आफ्नो पारिश्रमिक र सेवा सुविधामा कमी भएमा यस्तो व्यक्ति सम्पूर्ण पक्षवाट पछि पर्दछ । उसलाई काम गर्ने जोस जांगर हुँदैन । शिक्षा जस्तो मानसिक तवरवाट तयार नभई कार्य गरेमा त्यस्तो कार्यको कुनै तुक नरहने क्षेत्रमा त काम गर्नका लागि कर्मचारी (शिक्षक) हरुको मानसिक अवस्थामा धक्का पर्ने कुनै कार्य गर्न नहुने र शिक्षण संस्थाका कर्मचारी पूर्ण रुपमा सन्तुष्ट नभएमा धेरै वालवालिकाको भविष्य प्रति प्रश्न चिन्ह उठ्छ । त्यसैले त्यस्तो सम्वेदनशिल संस्थामा कार्यरत कर्मचारी पूर्ण रुपमा सन्तुष्ट भई मानसिक तवरवाट कार्य गर्ने वातावरण तयार पार्नु पर्दछ ।

कुनै पनि संस्थामा अन्य अचल लगानीलाई संचालन गर्ने मुख्य संचालक भनेको त्यस संस्थामा कार्यरत कर्मचारी नै हुन । यदि त्यस्ता कर्मचारीलाई पूर्ण रुपमा काम गर्नका लागि तयार नभएमा गरिएको अन्य लगानी र समयको समेत व्यर्थ हुने अवस्था आउँछ । कर्मचारीहरुलाई काम गर्नका लागि प्रत्यक्ष उत्प्रेरित गर्ने तत्व भनेको उसको पारिश्रमिक तथा सेवा सुविधा नै हो, भन्ने प्रष्ट हुँदै आएको छ । यस्ता घटनाहरु पाइएका छन कि धेरै तलव सुविधा भएको ठाउँमा काम गर्नको लागि आफ्नो देश र परिवार नै त्यागि गएको र त्यसमा पनि लगातार अठार घण्टासम्म काम गर्न तयार रहेको मानिसहरु पाइएका छन् । के त्यसलाई पारिश्रमिकले व्यक्तिलाई उत्प्रेरित नगरेको भन्न मिल्छ त ? त्यस्तै आफ्नो देशमा विशिष्ट श्रेणीमा रहेर कार्य गरेका विशिष्ट व्यक्तिहरु अन्य देशमा धेरै पारिश्रमिक पाउने लोभले भाँडा माझ्ने देखि लिएर जुनसुकै सानो तिनो काम गर्नका लागि तयार भएको घटनाहरु प्रशस्त भेटिन्छ । के यो आफ्नो पारिश्रमिक प्रति सन्तोष नभएको भनेर भन्न वाध्यता हुनु पर्ने अवस्था आएको होइन त ? त्यसैले कुनै पनि कर्मचारीलाई एउटा संस्थाप्रति लगनशिलताका साथ कार्य गराउनु छ भने उसको कार्यको आधारमा पारिश्रमिक दिनु पर्ने उचित हुन्छ । यसरी शिक्षण संस्थामा कार्यरत शिक्षकहरुलाई आधारभूत आवश्यकता पूरा गर्न सक्ने खालको पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था हुनु जरुरी हुन्छ ।

हाम्रो देशको सन्दर्भमा शैक्षणिक संस्थाहरु दुई किसिमका स्थापना भएका छन् सामुदायिक र संस्थागत सामुदायिक भन्नाले सरकारी तवरवाट शिक्षकको नियुक्ति हुने र उनिहरुको पारिश्रमिक सेवा सुविधा पनि निश्चित तवरवाट तोकिएको अवस्था छ भने संस्थागत विद्यालयमा सेवा भन्दा वढी व्यवसायमुलक ढंगवाट संचालन गर्ने र वढी नाफा भएमा शिक्षकले पाउने पारिश्रमिक, सेवा सुविधा सन्तोषजनक पनि हुने तर आफ्नो व्यवसायको अवस्था नाजुक भएमा त्यस्ता संस्थाकले शिक्षकहरुको शोषण गरेर थोरै पारिश्रमिक दिएर पनि आफ्नो व्यवसायलाई धक्का नपर्ने गरी संचालन गरिरहेका हुन्छन् । यसरी व्यवसायमुलक रुपमा शिक्षण संस्थालाई स्थापना गर्ने र संचालन गर्ने हो भने त्यस्ता विद्यालयहरुमा जवरजस्ति संस्थाको इज्जत र प्रतिष्ठाका लागि शिक्षकहरुले कार्य गरिरहेका हुन्छन् र अन्य ठाउँमा राम्रो अवसर पाउने वित्तिकै छाड्ने वातावरण हुन्छ ।

त्यसैले शिक्षकहरुको स्थायित्वको लागि पनि उनिहरुको कार्यभार अनुसार सन्तोषजनक पारिश्रमिक, सेवा सुविधा दिनु न्यायसंगत हुन आउँछ । संस्थागत विद्यालयहरुमा शिक्षकहरुको फेरवदल हुने कार्य तिव्र हुने गरेको पाइन्छ । सायद यो पनि पारिश्रमिक सेवा सुविधा नै एक मुख्य कारण हुन सक्दछ । हाम्रो देशमा संस्थागत विद्यालयको वर्चस्व रहेको र त्यस्ता विद्यालयका विद्यार्थी नै अरु भन्दा अगाडी रहेको पाइन्छ । त्यस्ता विद्यालयका शिक्षकहरु सन्तोष रहेका छन् त ? ठूला र प्रतिष्ठित केहि विद्यालयहरुले सरकारी विद्यालय भन्दा वढी तलव सुविधा दिने गरेको पनि हुन सक्छ । तर उनिहरुको कार्यभार अनुसार त्यो पारिश्रमिक सेवा सुविधा उचित छ या छैन यस्तै यस्तै कौतुहलताले मलाई कार्यभार, पारिश्रमिक र सेवा सुविधाका बारेमा भएका समानता र असमानताका बारेमा खोतल्नका लागि र समानताका लागि केहि सान्दर्भिक उपायहरु प्रति सचेत रहन उत्प्रेरित गरेको छ । यस अध्ययनले यिनै कुराहरु समेत प्रयास गरिएको छ ।

सवै विद्यालयका शिक्षकहरुको पारिश्रमिक, सेवा सुविधा र कार्यभार एकै हुन नसक्नु र सिकाई उपलव्धि फरक फरक हुन गएको देखिन्छ । यो अध्ययनको उद्देशय बागलुङ

जिल्लाको वागलुङ नगरपालिकामा रहेको रातमाटा अगुवा स्रोत केन्द्र अन्तर्गतका चारवटा संस्थागत विद्यालयहरुको पारिश्रमिक, सेवा सुविधा र कार्यभारले शिक्षण सिकाईमा देखिएको प्रभावको अध्ययन, शिक्षकको सेवा सुविधा, कार्यभार र पारिश्रमिकको वास्तविकता पहिचान गरी अन्तिम निष्कर्ष निकालिएको छ ।

## १.२. समस्याको कथन

मानविय स्रोत देश विकासको दरिलो आधार हो । मानविय स्रोत भन्नाले संघ संस्थामा कार्यरत कर्मचारी भन्ने वुझिन्छ । विद्यालय पनि एक संस्था भएको हुँदा विद्‌यालयका शिक्षक वर्ग त्यतिवेला सन्तुष्ट हुन्छ जति वेला न्यायोचित ढंगवाट पारिश्रमिक वा तलव पाउँछन । शिक्षक विद्यालयको मुख्य अङ्ग हो, शिक्षक वर्गमा मानसिक तवरवाट नै शिक्षण गर्न उत्प्रेरित गराउन सके समाज र राष्ट्रको आवश्यकता र चाहना पुरा हुन सक्दछ । शिक्षकहरुको समस्यालाई राम्ररी पहिचान गरी उचित किसिमवाट समाधान गर्न सकेमा मात्र उनिहरुलाई शिक्षण पेशा प्रति उत्प्रेरित गराई आवश्यक र गुणात्मक जनशक्ति उत्पादन गर्न सकिन्छ । अझै सम्म पनि कतिपय विद्यालयका शिक्षकहरुले उचित सेवा सुविधा पाउन नसकेको यथार्थता भेट्न सकिन्छ । सामुदायिक भन्दा पनि संस्थागत विद्यालयमा यो समस्या प्रयाप्त मात्रामा रहेका भेट्न सकिन्छ । विद्यालयमा शिक्षकहरुले अध्यापन गराएर आफूहरुको छाकमुख जोर्न नै धौ धौ पर्ने जस्ता समस्याहरु हाम्रो सामु रहँदै आएको पाइन्छ । विद्यालयका शिक्षकको कार्यभार, सेवा सुविधा र उनिहरुले प्राप्त गर्ने पारिश्रमिकको वर्तमान अवस्था कस्तो छ ? उनिहरुको कार्यभार, सेवा सुविधा र पारिश्रमिकमा कस्ता असमानाताहरु छन ? असमानता हुनुमा कुन कुन पक्षको कस्तो भूमिका छ? संस्थागत विद्‌यालका शिक्षकले पाउने सेवा सुविधा, पारिश्रमिक र कार्यभारले शिक्षण सिकाईमा कस्तो प्रभाव पारेको छ ? उल्लेखित रातमाटा अगुवा स्रोत केन्द्र अर्न्तगतका चार वटा संस्थागत विद्‌यालयहरुको शिक्षकको पारिश्रमिक, सेवा सुविधा र कार्यभारको संकलित तथ्याङ्कको आधारमा शिक्षकहरुको पारिश्रमिक, सेवा सुविधा र कार्यभारको अवस्थाको पहिचान गरी

त्यसले शैक्षिक उपलब्धिमा पारेको प्रभावको पहिचान र सुधार गर्ने उपायको खोजी गर्नु नै यस अध्ययनले समस्याको रुपमा लिएको छ ।

## १.३. अध्ययनको औचित्य

देश विकासको मेरुदण्ड शिक्षाको उचित व्यवस्थापन हो । शिक्षाको विकास विना देशको प्रगति तथा उन्नतीको कल्पना समेत गर्न सकिदैन । आजको जस्तो परिवर्तनशिल वैज्ञानिक र आधुनिक प्रतिष्पर्धाको युगमा शिक्षाको संख्यात्मका विकासको अलवा गुणात्मक विकास अति आवश्यक हुने कुरा सावित भइसकेको छ । गुणस्तरीय शिक्षा नभएसम्म समाज, राष्ट्र र व्यक्तिकै लगानीमा प्रश्न चिन्ह खडा हुन्छ । लगानी अनुसार शैक्षिक उपलब्धि हुन सकेको छैन । गुणस्तरीय र उपलब्धिमुलक शिक्षाको विकास हुनको लागि शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुनु अत्यन्त जरुरी छ । शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारीता ल्याउनको लागि शिक्षण गर्ने शिक्षकहरुको मनोवल वढाउने र उनिहरुको मानसिकतामा कुनै असर नपर्ने खालका क्रियाकलाप हुनु जरुरी हुन्छ ।

सामुदायिक विद्यालको तुलनामा निजी तथा संस्थागत विद्यालयप्रतिको जनआकांक्षा वढीरहेको वर्तमान परिवेशमा यस्ता संस्थागत विद्यालयहरुले शिक्षकका मनोवैज्ञानिक रुपमा कुनै आँच आउने खालका कार्य गरेमा जनआकांक्षामा नै ठेस पुग्ने निश्चित छ । यसरी शिक्षकहरुलाई सन्तोषजनक रुपमा शिक्षण पेशामा समावेश गराउन नसक्ने हो भने मानसिक अवस्थावाट पिडित शिक्षकहरुवाट गरिएको शिक्षणमा गुणस्तरीयता र प्रभावकारीता भन्ने कुरा न्यून मात्रामा पनि भेटन गाह्रो पर्न जान्छ । यस्तो किसिमवाट शिक्षा आर्जन गर्ने वालवालिकाहरुले परिवर्तनशिल परिवेश र विज्ञानको विष्फोटनको अवस्थामा अन्य प्रतिष्पर्धिसंग आफुलाई प्रतिष्पर्धामा उभ्याउने कल्पना समेत गर्न सक्दैनन् । त्यसैले शिक्षकको मनोवल वढाउने उपायहरु पत्ता लगाउनका लागि वा प्रभावकारी शिक्षणका लागि यस अध्ययनलाई औचित्यपूर्ण मानिएको छ । हालसम्मका विविध शोधपत्र, अनुसन्धानलाई आधार बनाउँदा विद्यालयमा शिक्षक व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, शैक्षिक

उपलब्धि जस्ता कुरामा गहन रुपमा अध्ययन अनुसन्धान भएको भए पनि शिक्षकहरुले पाउने सेवा सुविधा र शैक्षिक सुधार सम्बन्धमा अध्ययन अनुसन्धान हुन नसक्नुका साथै विद्यालयमा शिक्षकलाई दिइने सेवा सुविधामा एकरुपता नदेखिनुका साथै शैक्षिक सुधार पनि प्रभावकारी हुन नसकेका कारण शिक्षकको सेवा सुविधाले शैक्षिक सुधारमा के कस्तो प्रभाव पार्दछ भन्न् बारेमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.४. अध्ययनका उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि उद्देश्यको निर्धारण गरिन्छ । उद्देश्य विनाको अनुसन्धान भनेको वाटो विराएको मान्छे जस्तै हुन्छ । अध्ययन अनुसन्धानको क्रममा उद्देश्यलाई मार्गचित्र (रोड म्याप) को रुपमा लिन सकिन्छ । यसर्थ निर्धारित उद्देश्य अनुरुप नै पछि अनुसन्धान गरिएको छ । हरेक अनुसन्धानको वेग्ला वेग्लै उद्देश्यहरु हुन्छन् ।

यस अध्ययन अनुसन्धानका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१) संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधाको अवस्था पहिचान गर्नु,

२) संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधाले प्रभावपार्ने तत्वहरुको खोजि गर्नु,

३) संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधामा देखापरेका समस्याहरु पत्ता लगाउनु,

४) संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधामा देखापरेका समस्या समाधानका उपायहरु सुझाउनु,

## १.५. अनुसन्धन प्रश्न

१) संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधाको के कस्तो रहेको छ ?

२) संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधालाई प्रभाव तत्वहरु के के हुन सक्छन् ?

३) संस्थागत विद्यालयका शिक्षकहरुको सेवा सुविधाले देखापरेका समस्याहरु के के हुन सक्छन् ?

४) संस्थागत विद्यालयका शिक्षकको सेवा सुविधामा देखापरेका समस्या समाधानका उपायहरु के के हुन सक्छन्?

## १.६. अध्ययनको परिसिमा

यस अध्ययनलाई यथार्थ वस्तुनिष्ठ र वैज्ञानिक वनाउनका लागि निम्न लिखित सिमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ :

यस अध्ययन बागलुङ जिल्लाको बागलुङ नगरपालिका अन्तर्गत पर्ने रातमाटा अगुवा स्रोत केन्द्रका चारवटा संस्थागत विद्यालयमा सिमिति रहेको छ । यस अध्ययनमा शैक्षिक सत्र २०७१ र २०७२ आश्विन महिनासम्मको समय सिमामा अधारित रही अध्ययन गरिएको छ । यस अध्ययनमा संस्थागत विद्यालयका प्र.अ.को भूमिका, अभिभावकको भूमिका, वि.व्य.स.को भूमिका, शिक्षक अभिभावक संघको भूमिका, शैक्षिक उपलव्धिमा सिमित रहेर स्थलगत अवलोकन, प्रश्नावलीका आधारमा प्राप्त तथ्याङ्कका आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

यस अध्ययन अनुसन्धानसंग सम्वन्धित हुने अनुसन्धानात्मक प्रतिवेदन लेखकहरुका समसामयिक लेखहरु, रचनाहरु, पुस्तक, पत्रपत्रिका, इमेल इन्टरनेट प्रयोगवाट प्राप्त हुने तथ्यलाई आधार मानि अध्ययन गरिएको छ । अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयाम उद्देश्यपूर्ण नमुना छनोट विधिका अधारमा प्रत्येक विद्यालयबाट १।१ का दरले प्र.अ./प्राचार्य ४ जना, वि.व्य.स. अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ४ जना, अभिभावक ४ जना र शिक्षकहरु ४ जना विद्यार्थी ४।४ का दरले १६ गरी

जम्मा ३६ जनालाई अध्ययनको नमूनाको रुपमा छनौट गरिएको छ ।  प्रस्तुत शोधपत्रलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि अनुसन्धान कार्यको अन्य पक्षहरुलाई नसमेटि सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुले पाउने सेवा सुविधा मध्ये संस्थगत विद्यालयका शिक्षकहरुले पाउने सेवा सुविधाका सम्बन्धमा मात्र प्रस्तुत शोधपत्रमा अध्ययन अनुसन्धान गरिएका छ । साथै संस्थागत विद्यालयका शिक्षकहरुका सेवा सुविधाले शैक्षिक सुधारमा के कस्ता प्रभाव पारेको छ भन्ने कुराको तथ्य पत्ता लगाउनमा अनुसन्धान कन्द्रित रहेको छ ।

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनारावलोकन र सैद्धान्तिक खाका

कुनै पनि शोधकर्ताले आफूले रोजेको विषयमा त्यसभन्दा पहिला गरिएका अनुसन्धानहरु, लेखहरु, रचनाह, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन तथा सरकारी तिथ्याङ्क तथा बुलेटिनहरुको अध्ययन गर्नुलाई पूर्व साहित्यको पुनरावलोकन भनिन्छ । प्रस्तुत शोधपत्रलाई पनि उद्देश्य अनुसार पूर्णता दिने क्रममा आजभन्दा अगाडि गरिएका लेखरचना, पत्रपत्रिका, बुलेटिनहरुलाई अध्ययन अनुसन्धान गरी सोही अनुसार सम्बन्धित साहित्यको पुनरावलाकनको रुपमा विश्लेषण गरिएको छ ।

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

“काठमाडौं जिल्लाका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको शिक्षण सिकाईमा विद्यालय व्यवस्थापन समितिको भूमिका” एक अध्ययन शोधपत्र शिर्षकमा सामुदायिक विद्यालयको व्यवस्थापन समितिले शिक्षक, कर्मचारीको हकहित प्रवर्द्धनका लागि उच्चस्तरीय रुपवाट कार्य नगरेको र संस्थागत विद्यालयका शिक्षक कर्मचारीहरुलाई आवश्यक सुविधा उपलव्ध गराउनु पर्ने सम्वन्धमा यस्ता विद्यालयका व्यवस्थापन समितिका सदस्यहरु सकारात्मक नभएको कुरा छ । त्यसैगरी संस्थागत विद्यालयमा नेपाल सरकारले तोकिदिएको तलवभत्ता स्केलमा नघटाई तलव दिने सम्वन्धमा अधिकांश शिक्षक कर्मचारीले स्केल वमोजिमको भत्ता नपाएको यस अध्ययनले देखाउँदछ । शिक्षक तथा कर्मचारीको कल्याणकोष को व्यवस्थाको लागि व्यवस्थापन समितिले कुनै व्यवस्था नगरेको कुरा शोधपत्रमा उल्लेख छ । यसरी संस्थागत विद्यालयको व्यवस्थापन समितिको शिक्षक तथा कर्मचारी माथि कुनै उत्तरदायि नभएको कुरा अध्ययनले उल्लेख गरेको छ । विद्यालयमा कवल शिक्षकलाई कामदारको रुपमा लधाउने प्रवृत्ति मानवियता नभएका तथ्यलाई समत लेखमा विश्लेषण गरिएका पाइन्छ । सामुदायिक भन्दा पनि संस्थागत विद्यालयमा शिाकलाई

दिइन सेवा सुविधा न्यून हुने कुरालाई समेत लेखमा विश्लेषण गरिएको छ (पौडेल, २०६०) ।

संस्थागत विद्यालयको शुल्क तथा छात्रवृत्ति निर्धारण सम्वन्धि कार्यदलद्वारा प्रस्तुत प्रतिवेदन अन्तर्गत संस्थागत विद्यालय सम्वन्धि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनमा प्रस्तुत सुझाव अनुसार संस्थागत विद्यालयको उद्देय मुनाफा कमाउनु नभै सामाजिक सेवाको भावना उत्प्रेरित गर्ने हुनु पर्दछ र निजी क्षेत्रको सहभागिता वृद्धि गरी शिक्षाको राष्ट्रिय आवश्यकता पूरा गर्ने खालको हुनु पर्दछ । यस्तै विद्यालयको महत्वपूर्ण निर्णयमा अभिभावकहरुलाई संलग्न गराउनु पर्ने व्यवस्था हुनु पर्ने र निजी विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलव, सेवा सुविधा, सर्त, संचयकोष, उपादान, निवृत्तिभरण आदिको व्यवस्था कम्तिमा सरकारले तोकेको न्यूनतम सुविधा अनुरुप हुनु पर्दछ भनि सुझाव पेश गरेको छ (कार्यदल प्रतिवेदन, २०६१) ।

त्यसैगरी ‘कान्तिपुर दैनिक’मा संस्थागत शिक्षक आन्दोलन भन्ने शिर्षकमा उल्लेख भए अनुसारको सेवा सुविधा पाउनु पर्ने माग सहित विद्यालयका शिक्षक आन्दोलनमा उत्रिएका छन् । संस्थागत विद्यालय शिक्षक युनियनको पहलमा मुलुक भरिका शिक्षा कार्यालय घेराउ जारी राखेको थियो । युनियनको माग प्रति सरकार र सम्वन्धित पक्षले सुनुवाई नगरे विद्यालय वन्द गर्ने समेत चेतावनी दिएको थियो । शिक्षकहरुले सरकारी नियमानुसार नियुक्ति पत्र पाउनु पर्ने, सेवा सुविधा पाउनु पर्ने, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमा शिक्षकको प्रतिनिधित्व हुनु पर्ने लगायतका माग राखेको थियो, ( कान्तिपुर, फागुन १३, २०६९) ।

निजी क्षेत्रमा विद्यालयको व्यवस्थापन सम्वन्धि अध्ययन समूहको प्रतिवेदनमा निजी विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कार अपनाउनु पर्ने, कार्यसम्पदान मूल्याङ्कन सहि रुपले हुनु पर्ने, शिक्षकहरु तथा कर्मचारीहरुको शैक्षिक योग्यतामा अभिवृद्धि गराउने, वेला वेलामा तालिम, सेमिनार, गोष्ठिहरुको अयोजना गरी

भाग लिन लगाउने, देश विदेश भ्रमणको अवसर समेत उपलव्ध गराउन शिक्षाक कर्मचारीलाई सिफारीस गर्ने कार्य विद्यालय व्यवस्थापन समितिले गर्नु पर्ने कुरा कार्यदलको प्रतिवेदनले उल्लेख गरेको छ, (अध्ययन समूहको प्रतिवेदन, २०५५)।

नेपाली समाजको एउटा पक्ष विद्यालय शिक्षामा निजी क्षेत्रको लगानीलाई पूर्ण रुपमा निषेध गर्न चाहान्छ भने निजी विद्यालयमा कार्यरत शिक्षकहरु पनि आफू अधिकार विहिन र सुविधा विहिन भएको गुनासो गरिरहेका छन् तर विरोधाभाषको यस्तो स्थितिमा पनि निजी विद्यालयहरु आफूलाई निरन्तर सफल वनाउन समर्थ भइराखेका छन् । कसरी ? के निजी विद्यालयका शिक्षकहरु असन्तुष्ट नै हुन त ? उनीहरुले भित्र भित्रै अर्को विकल्प त खोजि रहेका छैनन् ? किन निजि विद्यालयमा शिक्षकहरुलाई सेवा सुविधामा कन्जुस्याई गरिन्छ भन्ने जस्ता कुराहरुलाई आधार बनाएर लेखिएको प्रस्तुत लेखमा निजि विद्यालयमा सेवा सुविधा कम हुँदा पनि शैक्षिक उपलब्धि वृद्धि भएको तथ्यलाई विश्लेषण गरिएको छ ,
(घर्ती २०७२)।

शिक्षा विभागवाट प्रकाशित सन् २०१०/ २०११ अनुसार विद्यार्थी भर्नादरको आधारमा निजी विद्यालयहरुले आधारभूत तहमा १२ प्रतिशत हिस्सा ओगटेका छन् र माध्यमिक तहमा १५ प्रतिशत हिस्सा ओगटेका छन् । यस्तै लगानीको आधारमा विद्यालय शिक्षामा निजी क्षेत्रको हिस्सा करिव २० प्रतिशत रहेको छ । एस.एल.सी. परीक्षाको नतिजा हेर्दा संस्थागत विद्यालयहरु ८८ प्रतिशत भन्दा वढी विद्यार्थीहरु उर्त्तिण गराउन सफल देखिन्छन भने सामुदायिक विद्यालयहरु ४६.६ प्रतिशतमा चित्त बुझाउनु परेको छ, (शिक्षक मासिक, २०७०, श्रावण)।

काठमाडौं उपत्यकामा सार्वजनिक र निजी विद्यालयहरुको एक स्थितिजन्य विश्लेषण सम्वन्धि प्रतिवेदनमा सार्वजनिक विद्यालयहरुमा स्रोत कसरी अनुदान हुने र निजी विद्यालयको आयको स्रोत विद्यार्थी शुल्क मात्र हुने भएकोले निजी विद्यालय संचालन पुरै अभिभावकहरुमा निर्भर हुनु पर्ने भएकोले सार्वजनिक विद्यालयको भन्दा निजी विद्यालयको

शैक्षिक स्थिति राम्रो रहेको प्रतिवेदनमा उल्लेख छ । निजी विद्यालयमा सार्वजनिक विद्यालयका शिक्षक भन्दा कम उमेरका शिक्षकहरु हुने भएकोले उनिहरु वढी अनुसन्धानात्मक, प्रवर्तनात्मक र उत्साहि भएको र सार्वजनिक विद्यालयका शिक्षकहरु विभिन्न किसिमका तालिमका अवसरहरु पनि पाउने अवस्था छ । तर उनिहरुको तुलनामा निजी विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था नभएको प्रतिवेदनमा उल्लेख छ । सार्वजनिक विद्यालयका शिक्षकहरुको तुलनाम निजी विद्यालयका शिक्षकहरुको तलव सुविधा पनि कम भएको हुरा प्रतिवेदनमा उल्लेख छ, (तुलाधर र अन्य, २०००) ।

सार्वजनिक र निजी प्राथमिक विद्यालयको कार्यहरुको तुलनात्मक अध्ययनमा शिक्षकहरुको शिक्षण समय तालिका हेर्दा दुवै किसिमका विद्यालयहरुका शिक्षकहरु ले फुसर्दको समय नभएको र विद्यार्थीको गृहकार्य परीक्षण गर्ने समयको अभाव भएको कुरा वताइन्छ । त्यसमा पनि सार्वजनिक विद्यालयको भन्दा निजी विद्यालयका शिक्षकहरुको शिक्षण समय वढी भएको कुरा अध्ययनमा पाइयो । त्यसैगरी शिक्षण पेशालाई समाजमा मर्यादित पेशाका रुपमा नदिने गरेको र अन्यत्र काम नपाई कम योग्यता भएका व्यक्ति शिक्षक हुने गरेको कारणले गर्दा नयाँ पिंढीहरु यस पेशामा आकर्षित नभएको कुरा पनि अध्ययनमा उल्लेख छ । धेरै जसो प्राथमिक शिक्षकहरु आफ्नो पेशा परिवर्तनको लागि तयार भएको स्थिति र निजी विद्यालयमा प्राथमिक तहमा स्तर भन्दा वढी योग्यता भएको कुरा यस अध्ययनले वताउँदछ । सार्वजनिक विद्यालयका भन्दा निजी विद्यालयका शिक्षकहरु विषयवस्तु प्रति वढी आत्मविश्वास भएको कुरा अध्ययनमा उल्लेख छ, (प्रधान र अन्य, १९९३) ।

कुनै पनि संघ संस्थामा कार्यरत कर्मचारीहरुको उचित व्यवस्थापन गर्न सकेमा मात्र संस्थाको प्रगति हुने कुरा स्पष्ट हुन आउँछ । जवसम्म कर्मचारीहरु काम गर्नका लागि उत्प्रेरित हुँदैनन् । तवसम्म संघ संस्थाको उद्देश्य पुरा हुन सक्दैन । त्यसैले उनिहरुलाई उचित कार्यको उचित सेवा सुविधा र पारिश्रमिक दिनु पर्दछ । कर्मचारीलाई प्रोत्साहन गर्नको लागि विभिन्न किसिमका पुरस्कारको समेत व्यवस्था गर्नु पर्दछ । उनिहरुको उचित किसिमवाट प्रोत्साहन गर्दै लगेमा संस्थाको प्रगति हुन सक्ने कुरा लेख र प्रतिवेदनमा पाइयो

। साहित्यको अध्ययनवाट विशेष गरेर सामुदायिक र संस्थागत विद्‌यालयका सेवा सुविधा, कार्यभार र पारिश्रमिकले सिकाईमा प्रभाव पार्दो रहेछ । राम्रो सेवा सुविधा उपलब्ध गराउँदा र समयको पनि उचित व्यवस्थापन गर्दा शिक्षक शिक्षण कार्यप्रति सक्रिय हुने कुरा अवगत हुन्छ । दुरशिक्षण सिकाईले संस्थागत विद्‌यालयमा शिक्षण गर्ने शिक्षकहरुको व्यक्तिगत व्यक्तित्वमा सुधार आई शिक्षण सिकाई कार्यमा सहयोग पुग्दछ भन्ने कुरा दुरशिक्षा केन्द्रले मोरङ जिल्लामा प्राथमिक तहको शिक्षकहरुको शिक्षण सिकाई क्रियाकलापमा पारेको प्रभाव एक अध्ययन भन्ने शोधपत्रमा उल्लेख गरिएको छ, (घिमिरे २०६२) ।

विद्यालय पनि एउटा संस्था भएको हुनाले यसको शैक्षिक प्रगतिको लागि विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसमा संस्थागत र सामुदायिक विद्यालयको व्यवस्थापन पक्षहरुले शिक्षण सिकाई क्रियाकलापमा आ-आफ्नै किसिमवाट व्यवस्थापनको भूमिका निर्वाह गरेका हुन्छन् । संस्थागत विद्यालय व्यवस्थापन समितिमा प्राय लगानीकर्ता वा संस्थापक नै हुने हुंदा आफ्नो लगानी उठाउनको लागि उनिहरु सक्रिय रुपमा व्यवस्थापनमा लाग्ने र सामुदायिक विद्यालयलको व्यवस्थापन समितिमा राजनैतिक व्यक्तिहरुको संलग्नताले समितिको निर्णय प्रक्रियामा अवरोध आउने गरेको पाइन्छ । साथै सवै अभिभावकहरु साक्षर र क्रियाशिल नहुने हुँदा ति पक्षहरुका सवै काम प्र.अ.ले नै मात्र गर्नु पर्ने हुँदा व्यवस्थापन पक्ष निस्कृय हुने गरेको पाइन्छ, (सप्तगण्डकी, २०६३) ।

## २.२. अध्ययनको सैद्धान्तिक संरचना

विद्यायलय सूचारु रुपले संचालन गर्न अपेक्षित उपलब्धि हांसिल गर्नका लागि सम्पूर्ण पक्षको उचित व्यवस्थापन हुनु आवश्यक हुन्छ । विद्‌यालयको एउटा महत्वपूर्ण पक्ष शिक्षक भएको हुनाले उनीहरुको मानसिकतामा असर पर्ने खालका कुनै कार्य भएमा शिक्षाको गुणस्तरमा नै आँच पुग्ने र सम्पूर्ण शैक्षिक पक्षमा नै धक्का पुग्ने हुनाले शिक्षकहरुको पेशागत सुरक्षा र सन्तुष्टि हुनु आवश्यक हुन्छ । एउटा शिक्षकले दवावमा परेर शिक्षण गर्नु र स्वतन्त्ररुपमा

स्वतस्फूर्त भएर शिक्षण गर्नुमा शिक्षण कार्यमा आउने फरकपनवाट पनि हामी शिक्षकको मानसिकस्तर स्वस्थ हुनु पर्ने र उत्प्रेरित गर्नुपर्ने कुरामा जोड दिनु आवश्यक ठानी केही कृतिहरुको ज्ञान हुनु सान्दर्भिक भएकाले अध्ययनकर्ताले निम्न लिखित कुराहरुको समिक्षा गरेको छ । यो अध्ययन टाइलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको आधारमा अडिएर तयार गरिएको हुनेछ । विद्यालय एक सामाजिक संस्था भएको हुनाले उक्त संगठनलाई सूचारु रुपले संचालन गर्न, चुस्तदुरुस्त प्रशासन चलाउन तथा आशातित, वान्छित गुणस्तर तथा उपलव्धि प्राप्त गर्नका लागि समेत त्यस विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई प्रयाप्त मात्रामा ज्याला, सेवा सुविधाहरु प्रदान गर्नु अवश्यक हुने भएकाले टायलरको व्यवस्थापनको सिद्धान्त नै पक्रिएको छ । अपेक्षित उपलव्धिलाई हांसिल गर्नका लागि सम्पूर्ण पक्षको उचित व्यवस्थापन हुनु अतिनै आवश्यक हुन्छ । विद्यालयको मूख्य पक्ष भनेको क्षिकहरु भएको हुँदा उनिहरुको मानसिकतामा असर पर्ने खालका कुनै पनि कार्य गर्नु हुँदैन । शिक्षक भनेको आफूभित्र रहेको अन्तरनिहित ज्ञान र सिपलाई हस्तान्तरण गर्ने व्यक्ति हुन । यस्ता व्यक्तिहरुमा विद्यालयका तर्फबाट मानसिक तनाब सृजना हुन गएमा पेशागत सन्तुष्टि र शैक्षिक उपलब्धि प्राप्तीमा आँच पुग्न सक्छ । त्यसैले शिक्षकहरुमा पेशागत सुरक्षा र सन्तुष्टि हुन आवश्यक हुन्छ । एउटा शिक्षक स्वतर्स्फत मानसिक तन्दुरुस्ती र स्वस्थ हुन नसके समग्र शैक्षिक प्रणालीलाई नै असर गर्ने हुँदा संगठनले उसको मानसिक तयारीका लागि उत्प्रेरित गरिरहनु पर्दछ । यस्ता कुराहरुको पुष्टि गनै अनुसन्धान कर्तालाई सान्दर्भिक लागेको हुँदा यसैसंग सम्बन्धित विभिन्न सिद्धान्तहरुलाई जोडेर विश्लेषण गर्न प्रयास गरिएको छ ।

एफ. डब्लु टायलरले सन् १९११ मा बैज्ञानिक व्यवस्थापन सिद्धान्तको व्याख्या र विश्लेषण गरे यो सिद्धान्तले 'बैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन गर्न दिइएमा राम्रो र किफायती ढंगले गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कला हो । उनको सिद्धान्तमा कुनै पनि कुराको व्यवस्थापन बैज्ञानिक दृष्टिले गर्नु पर्ने तथा परम्परागत कार्य शैलिलाई परिवर्तन गरी बैज्ञानिक बनाउनु पर्ने काम छान्ने परम्परा छुट्याएर बैज्ञानिक ढंगले कामदार छनौट गर्ने छानिएका कामदारहरुलाई तालिम दिई

क्षमतापूर्वक काम सिकाउनु पर्ने, कामदार र व्यवस्थापकहरु बीच आत्मीय सहयोग, र समानजस्यता स्थापित हुनु पर्ने, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्ने, कामदार व्यवस्थापक वीच स्पष्ट कार्य विभाजन गरी कामदारलाई मात्र कार्यदोष दिने परिपाटीलाई प्रशासनले त्याग्नु पर्ने जस्ता कुराहरु टायलरको सिद्धान्तमा उल्लेख गरिएको छ । यस सिद्धान्त प्रशासनिक र सांगठनिक कार्यमा प्रभावकारी भएको हुंदा यसको प्रयोग विद्यालयहरुमा समेत गर्न सके प्रभावकारी हुने कुरामा दुईमत छैन ।

त्यसैगरी जे स्टासी आडम्सले सन १९६३ मा न्यायिक सिद्धान्तको व्याख्या र विश्लेषण गरिन उनी भन्छिन् यो सिद्धान्त मान्छेको त्यो अभिप्रायसंग हुन्छ, सबैलाई समान किसिमको न्यायिक सिद्धान्तका आधारमा निस्पक्ष रुपमा सम्बन्ध राख्ने कार्य होस् र यसरी सबैमा समानतामा भएका कामदारहरु कार्यप्रति उत्प्रेरित हुन्छन् समयमा तलब दिनु उत्पादनको गुण र मात्राको आधारमा तलब दिनु सबैलाई समान कामका लागि समान ज्याला र सुविधा दिनु जस्ता कुराले न्यायिक सिद्धान्त व्यवहारिक देखिन्छ । त्यसैले आधारमा कार्य गराउन सके व्यक्तिमा कार्यप्रति उत्प्रेरण बढ्छ । यस सिद्धान्त ले समान कामका लागि समान ज्याला दिनुपर्ने कुरामा जोड दिइएको छ । त्यसो हुंदा यस सिद्धान्तलाई शिक्षण संस्थाहरुमा प्रयोग गर्न सके सबै शिक्षकहरु उत्साहित भई काममा समानता ल्याउन सकिन्छ ।

आशावादको सिद्धान्त अनुसार कामदारहरु ज्याला बढ्ने आशा एवं विश्वासले उत्प्रेरित भएर काम गर्छन । व्यक्तिले संस्थाको लक्ष्य, उद्देश्य एवं संस्थागत उपलब्धिलाई आफ्नो उपलब्धिसंग दाँजेर हेर्दछ । संस्थाको उन्नति भएमा आफ्नो प्रगति हुने आशा एवं विश्वासले काम प्रति मरिमेटेर लाग्छ । यस सिद्धान्तले Effort Performance / Out Come को सम्बन्धलाई विशेष जोड दिन्छ । प्रत्येक उपलब्धिलाई महत्व दिदै अभिप्रेरणाको स्रोत ठान्छ । प्रत्येक, आकांक्षा एवं विस्वासले स्तरीय उपलब्धि हासिल हुन सक्दछ भन्ने विस्वास

पनि राखेको हुन्छ । यसरी प्रत्येक आशालाई विशेष महत्व दिनु पर्ने भन्ने धारणा Victor Vrooms राख्दछन् । यसरी यस सिद्धान्त यो शोधसंग सम्बन्धित हुन आएको छ ।

Fredrick Herzberg को प्रेरक सिद्धान्त ले सन १९५० मा पिटसवर्ग वरपर कम्पनीमा कार्यरत २० इन्जिनियर एवं लेखाविद्हरुलाई संलग्न गराई उनीहरुको कार्य सन्तुष्टिको बारेमा लिइएको अन्तरवार्ता अवलोकन अध्ययनको आधारमा प्रतिपादन गरेका छन् । उनले प्रेरक तत्वले व्यक्तिलाई सकरात्मक सन्तुष्टि तिर लैजान्छ यदि यो तत्वको अभाव हुने हो भने कामदारमा असन्तुष्टिको मात्रा अधिक हुन्छ भनी स्पष्ट गरेका छन् ।

**ङ) विकेन्द्रिकरणको सिद्धान्त**

Danis A Rondinell का 'विकेन्द्रिकरण भनेको केन्द्रिय सरकार र यसका अंगहरुबाट स्थलगत संगठन, सरकारका मातहतका निकायहरु, अर्धस्वायत्त सार्वजनिक संस्थाहरु निश्चित भौगोलिक क्षेत्र भरीका वा क्षेत्रिय अधिकारीहरु, कार्यगत अधिकारीहरु तथा गैर सरकारी संगठनहरुलाई योजना, निर्णय निर्माण र व्यवस्थापन अधिकारलाई हस्तान्तरण वा प्रत्यायोजन गर्नु हो ।' विकेन्द्रिकरण सिद्धान्तको मान्यता अनुसार परिपुरकको सिद्धान्त (Principle of Subsidiary) अनुसार के सार्वजनिक सेवा सरोकारवालको चाहना र अवाश्यकतासंग मेल खाएको छ ? के सार्वजनिक सेवा लागत प्रभावकारी रहेको छ? वा लक्ष्य प्राप्तीको दिशामा कति नजिक रहेको छ ? भन्ने जस्ता अह्म सवालको उत्तर खोजेको हुन्छ । विकेन्द्रिकरण सिद्धान्त अनुसार केन्द्रमा रहेको असिमित अधिकारलाई स्थानीय स्तरमा वितरण गरिनु हो । यदि यो सिद्धान्तलाई मान्ने हो भने केन्द्रमा रहेको आर्थिक श्रोतलाई स्थानिय तहका शिक्षकहरु जो न्युन तलब मानमा पढाउन बाध्य रहेका छन् । तिनीहरुलाई मौद्रिक प्रोत्साहन दिएमा पक्कै पनि शैक्षणिक सुधारमा प्रभावकारीता ल्याई गुणस्तरमा सकारात्मक प्रभाव पार्ने निश्चित छ ।

'संस्थागत विद्यालयका शिक्षकले पाउने सुविधाले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव' विषयको

सोध प्रस्तावना प्रसिद्ध मनोवैज्ञानिक एफ.डव्लु टायलरको वैज्ञानिक व्यवस्थापनको सैद्धान्तिक धरातलको जगमा अडिएर तयार गरिने छ जहाँ प्रष्टसंग व्याख्या गरिएको छ कि 'कुनै पनि कुराको सही व्यवस्थापन वैज्ञानिक दृष्टिले गर्नु पर्ने हुन्छ अथवा परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक वनाउनु पर्ने काम छान्ने परम्परा छुट्याएर वैज्ञानिक ढंगले कामदार छनोट गर्ने, छानिएका कामदारलाई तालिम दिई दक्षतापूर्वक काम सिकाउनु पर्ने कामदार व्यवस्थापकहरुवीच आत्मीय सहयोग सम्वन्ध र सामाञ्जस्यता स्थापित हुनु पर्ने, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हांसिल गर्ने ढंगले परिचालन गर्नुपर्ने वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्ने र वढी काम गर्नेलाई वढी ज्याला दिनु पर्ने, कामदार र व्यवस्थापक वीच स्पष्ट कार्य विभाजन गरी कामदारलाई कार्यदोष दिने परिपाटिलाई प्रशासनले त्याग्नु पर्ने जस्ता कुराहरु टायलरको सिद्धान्तमा उल्लेख गरिएको छ । यसरी सम्वन्धित सिद्धान्तहरुले कुनै पनि कामदारलाई काम अनुसार ज्याला दिनु पर्दछ काम गराउँदा उचित मात्रामा ज्याला दिन सकेको खण्डमा मात्र आशातित उपलब्धि हुन सक्दछ यो नै वैज्ञानिक र व्यवस्थित यो सिद्धान्त यस मानेमा पनि सही छ कि संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक माथि हुने गरेको श्रम शोषणका कारणले पनि शिक्षकहरु आफ्नो पेशाप्रति उत्तरदायी छैनन् । जस्का कारणले पाठ्यक्रमले अपेक्षा गरेका वा राज्यले अपेक्षा गरेको गुणस्तरीय शिक्षाको स्तर दिनानुदिन घट्दो क्रममा भएकोले यो सार्वजनिक वहस र चासोको विषय बनेको हो । आफ्नो शैक्षिक योग्यता र क्षमता अनुसारको ज्याला नपाउँदा शिक्षकले विद्यालयलाई फुर्सदको समय विताउने केन्द्रको रुपमा उपयोग गरेको र अवसर हात लाग्दा वित्तिकै जागिर छाडिदिनाले पनि शिक्षण सिकाइमा प्रभाव परेको हुन्छ ।

## २.३. शैक्षिक उपादेयता

प्रस्तुत शोधपत्रलाई उद्देश्यअनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि यस शोधपत्रसँग सम्बन्धित हुने खालका विभन्नि विद्वानका लेखरचना, पत्रपत्रिका, शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनको माध्यमले संस्थागत विद्यालयमा शिक्षकहरुलाई हेर्ने दृष्टिकोण के कस्तो रहेको छ ? उनीहरुमा के कस्ता समस्या रहेका छन्, शिक्षकहरु किन संस्थागत विद्यालयमा लामो समय सम्म टिक्न सक्दैनन् ? उनीहरुलाई दिने पारिश्रमिक एवम् सेवा सुविधा के कस्तो रहेको छ ? भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई शोधपत्रलाई व्यवहारिक एवम् वस्तुनिष्ठ बनाउनका लागि थप सहयोग पुगेको छ । भने शोध कार्यका लागि उचित सैद्धान्तिक खाकाको चयन गरी सोही अनुसार तथ्य सङ्कलन गर्न र तथ्यांकको व्याख्या एवम् विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि थप सहयोग पुगेको छ ।

# परिच्छेद तीन
# अनुसन्धान विधि

कुनै पनि कार्यमा निश्चित सफलता प्राप्त गर्न उचित तरिकाबाट कार्य अगाडि बढाउनु पर्दछ । यस अनुसन्धान कार्यबाट तोकिएका उद्देश्य पूरा गर्न निश्चित तरिका अपनाई अध्ययन अनुसन्धान कार्य अगाडि बढाइएको छ । विशेषतः अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोत र प्रकृति, अध्ययनका सीमाभित्रका जनसंख्या, तथ्याङ्क सङ्कलनका साधन र यसको वैधता तथा तथ्याङ्कको विश्लेषणका बारेमा स्पष्ट खाका तयार गरी अनुसन्धान कार्य अगाडि बढाइएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यो अनुसन्धान बागलुङ जिल्लाको रातमाटा अगुवा स्रोत केन्द्र अन्तर्गत पर्ने चिल्ड्रेनलाइफ इग्लिस वोर्डिङ स्कुल, होलिचाइल्ड आवासिय माध्यमिक विद्यालय, अमर आदर्श आवासिय उच्च माध्यमिक विद्यालय, सनराइज आवासिय उच्च माध्यमिक विद्यालयका शिक्षकको कार्यभार, सेवा सुविधा र पारिश्रमिकमा केन्द्रित रहेर गरिएको छ । यो अनुसन्धानमा सम्वन्धित क्षेत्रका विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु साथै शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई प्रश्नावली गरिएको छ । सोहि प्रश्नावलीलाई आधार वनाई विद्यालयको विभिन्न समस्याको अध्ययन गरी संस्थागत विद्यालयका शिक्षकहरुको पारिश्रमिक, सेवा सुविधा र कार्यभारमा आएको फरक पनको खोजि गरिएको छ । साथै यसले शिक्षण सिकाईमा पारेको प्रभावको अध्ययन गरी शिक्षण सिकाईमा सुधार ल्याउने उपायहरु पहिल्याउने प्रयास गरिएको छ । अनुसन्धानको प्रकृति हेरी तथ्याङ्क सङ्कलनका विधि र साधनहरु फरक फरक हुन सक्छन् । अनुसन्धान कर्ताको क्षमता, रुचि, आर्थिक र भौतिक कुराहरुलाई मध्यनजर गर्दै विशेषत यो शोधपत्र गुणात्मक ढाँचाको रहेको छ । जस अन्तर्गत प्राप्त तथ्यहरुलाई विवरणात्मक

तवरले व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ३.२.अध्ययनका जनसंख्या र नमूना छनौट प्रक्रिया

जिल्ला शिक्षा कार्यालय, बागलुङ अन्तर्गत पर्ने रातमाटा अगुवा स्रोत केन्द्रमा संचालित चार संस्थागत विद्यालयका विद्यालयका जम्मा १८०० विद्यार्थी, ९७ शिक्षक, ४ जना प्र.अ तथा अभिभावक, ४ वि.व्य.स अध्यक्ष मध्येबाट  जसमा उद्देश्यपूर्ण नमुना छनोट विधिका अधारमा प्रत्येक विद्यालयबाट १।१ का दरले  प्र.अ./प्राचार्य ४ जना, वि.व्य.स. अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ४ जना, अभिभावक ४ जना र शिक्षकहरु ४ जना विद्यार्थी ४।४ का दरले १६ गरी जम्मा ३६ जनालाई अध्ययनको नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.३. तथ्याङ्क सङ्कलनका स्रोतहरु

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवं जानकारी सङ्कलन गर्नका लागि प्राथमिक र द्धितिय स्रोतको परिचलान गरिएको छ ।

#### क) प्राथमिक स्रोत

यस अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोत अन्तर्गत छलफल तथा प्रश्नावली विधिलाई आधार वनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचिमा उल्लेखित अन्तर्वाता प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ख) द्धितिय स्रोत

द्धतिय स्रोत अन्तर्गत अनुसन्धानसंग सम्वन्धित विद्यालयका अभिलेखहरु, पत्रपत्रिकाहरु, लेख रचनाहरु, वुलेटिनहरु, प्रकाशित शोधपत्रहरु एवं सम्वन्धित प्रतिवेदनहरुलाई आधारमा मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४. अध्ययनका साधनको प्रयोग

कुनै पनि शोध अध्ययनका लागि आवश्यक तथ्याङ्क पत्ता लगाउन विभिन्न किसिमका उपकरणहरुको विकास र प्रयोग भएका छन् । त्यसैले यो शोध अध्ययनमा निम्न उपकरणहरुको प्रयोग गरिएको छ ।

**क) अर्न्तवार्ता प्रश्नावली**

यस अन्तर्गत छनौटमा परेका विद्यालयका चार जना प्र.अ./ प्रचार्य, वि.व्य.स. अध्यक्ष ४ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ४ जना, अभिभावक ४ जना र शिक्षक ४ जना गरी २० जनासँग आफैले प्रत्यक्ष भेटगरी अनुसूचीमा उल्लखित प्रश्नावलीका आधारमा आवश्यक जानकारीहरु सङ्कलन गरिएको छ ।

**ख) अवलोकन तथा रुजु सूचि**

यस अध्ययनमा छनौटमा परेका विद्यालयका कक्षाकोठा, व्यवस्थापनको अवस्था, व्यवस्थापन समितिको गठन, नियमित वैठक, शैक्षिक र भौतिक सुविधाहरुको अवस्था जस्ता विषयहरुलाई अवलाकन फारमका आधारमा तथ्य सङ्कलन गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनौट गरिएका विद्यालय अभिभावकहरु वि.व्य.स.का अध्यक्ष शिक्षक अभिभावक संघका अध्यक्ष, प्र.अ./ प्राचार्य र शिक्षकहरु संग प्रत्यक्ष भेटघाट गरी अन्तर्वाता प्रश्नावलीका आधारमा सूचना सङ्कलन गरिएको छ । त्यस्तै द्धितिय सूचना सङ्कलनका लागि विभिन्न लेखहरु, पत्रपत्रिकाहरु, शोधपत्र र सम्वन्धित विद्यालयका अभिलेख, इ-मेल, इन्टरनेटबाट सङ्कलन गरिएको छ ।

### ३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कको जस्ताको तस्तै प्रयोग नगरी अव्यवहारिक, अस्पष्ट र अनावश्यक तथ्याङ्कलाई प्रशोधन वा छनोट गरी स्पष्ट पूर्ण र व्यवस्थित वनाइएको छ । तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ। विश्लेषण को क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराउने प्रयास गरिएको छ उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परिमार्जन गरी बर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण  गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या एवम् विश्लेषण

## ४.१. संस्थागत विद्यालयका शिक्षकहरुका सेवा सुविधाको अवस्था

विद्यालय समुदायको आवश्यकतालाई सम्वोधन गर्नका लागि स्थापित गरिएको हुन्छ । विद्यालयले समुदायको आवश्यकता र चाहना पुरा गर्नु पर्दछ । विद्यालयले समुदायको उद्देश्यहरु पुरा गर्नको लागि विद्यालयको शैक्षिक वातावरण स्वच्छ हुनु पर्दछ । जुन विद्यालयको शैक्षिक वातावरण शुद्ध र स्वच्छ हुन्छ । त्यस्ता विद्यालयमा नै समुदायका अभिभावकले आफ्ना वालवालिकाहरुलाई अध्ययनका लागि पठाउँदछन् । प्रत्येक समाजका सवै व्यक्तिहरुको चासो रहने संस्था नै विद्यालय हो । किन भने विद्यालयले समाज र राष्ट्रका लागि आवश्यक नागरिक उत्पादन गर्दछ । हरेक समाजले आफ्नो माग र आवश्यकता पुरा गर्नका लागि विद्यालयलाई दायित्वसुम्पेको हुन्छ भने राष्ट्रले आफ्नो देशका लागि आवश्यक सवल, सक्षम र असल नागरिक उत्पादन गर्ने अपेक्षा पनि विद्यालयवाट नै राखेको हुन्छ । यस्ता गहन जिम्मेवारी पुरा गर्नका लागि स्थापित संस्था विद्यालयको वातावरण राम्रो हुनु पर्दछ र विद्यालयको वातावरण राम्रो वनाउने जिम्मेवारी विद्यालय व्यवस्थापन मा निर्भर हुन्छ ।

विद्यालयको सवल व्यवस्थापनका लागि विद्यालयमा संलग्न हरेक पक्ष उत्तिकै महत्वपूर्ण हुन्छ । तर पनि विद्यालयमा भएका शिक्षक शिक्षकाहरु नै विद्यालय व्यवस्थापन र विद्यालय संचालनका लागि अभिन्न अंग मानिन्छ । यदि विद्यालयका शिक्षक शिक्षिकाहरु ले आफ्नो कार्य सहि तरिकाले पुरा नगरेमा समाज र राष्ट्रले गरेका अपेक्षाहरु जोखिममा पर्ने देखिन्छ । यसका लागि विद्यालयका कार्यरत शिक्षक शिक्षिकाहरु लाई कार्यमा संलग्न गराउनका लागि पूर्ण रुपमा सन्तुष्ट पार्न पर्ने देखिन्छ । यसरी शिक्षक शिक्षिकाहरु आफ्नो पेशामा सन्तोष भएमा मात्र उनिहरु आफ्नो कार्यमा स्वतः स्फूर्त रुपमा तयार हुने वातावरण देखिन्छ । यसका लागि विभिन्न पक्षवाट उनिहरुलाई प्रोत्साहन गर्न

सकिन्छ । तर हाम्रो देशमा शिक्षक शिक्षिकाहरुलाई प्रोत्साहन गर्नुको सट्टा जवरजस्ति कार्यमा लगाई आफ्नो विद्यालयको इज्जत प्रतिष्ठा वढाउने कार्य भइरहेको पाइन्छ ।

संस्थागत विद्यालयमा शैक्षिक व्यवस्थापन पक्ष राम्रो देखिन्छ । यस्ता विद्यालयहरुको संचालनकर्ता भनेको नै विद्यार्थी भएकोले उनिहरुलाई सकेसम्म राम्रो र स्वच्छ शैक्षिक वातावरण दिने प्रयास भएको देखिन्छ । आफ्नो विद्यालयमा जतिधेरै विद्यार्थीहरु को संख्या भयो विद्यालयको आम्दानी वढ्ने र शिक्षकको पारिश्रमिकमा पनि केहि वृद्धि हुने गरेको देखिन्छ । यसरी विद्यार्थी भर्ना हुने संख्या वृद्धि गर्नका लागि चुनावका वेलामा विभिन्न पार्टीका नेताहरु भोट माग्न गए झैं शैक्षिक सत्र शुरु हुनु अगावै सम्पूर्ण विद्यालयका शिक्षकहरु लगायत सम्वन्धित अन्य व्यक्तिहरु घर घरमा गई विद्यार्थी खोज्ने गरेको पाइन्छ । विभिन्न किसिमका आकर्षण देखाई विज्ञापन गर्ने गरेको पाइन्छ ।

यसरी विद्यालय, विद्यालयमा अस्वस्थ प्रतिष्पर्धाले गर्दा शिक्षकहरु मर्कामा परेको देखिन्छ । शिक्षकहरुको योग्यताको आधारमा भन्दा उनिहरुको पकडमा भएको विद्यार्थी संख्याको आधारमा पारिश्रमिक निर्धारण गर्ने गरेको पाइन्छ । वढी पारिश्रम गर्नु पर्ने हुन्छ । अन्यथा आफ्नो भन्दा अर्को विद्यालयको नतिजा राम्रो आएमा विद्यार्थीहरु त्यस्ता विद्यालय प्रति आकर्षित भई आफ्नो विद्यार्थी संख्या घटन सक्छ र विद्यालयको आम्दानीमा हुने कमिले शिक्षकहरुमा असर पर्ने कुरावाट उनिहरुलाई कार्य गर्न वाध्य वनाइएको पाइन्छ । उनिहरुलाई उचित काम गरेवापत कुनै पुरस्कार दिने र प्रोत्साहन गर्ने परिपाटी भने नभएको देखिन्छ । प्रत्येक वर्ष संस्थागत विद्यालयका शिक्षकहरुले आफ्नो पेशाको हकहितको लागि आन्दोलन समेत गर्दै आएको पाइन्छ ।

उनिहरु वार्षिक परीक्षा सकिएपछि आन्दोलनमा उत्रने र आफ्नो पक्षमा कुनै निर्णय भए पनि नभएपनि नयाँ सत्र शुरु हुँदा सम्पूर्ण आन्दोलन रोकेर शिक्षण गर्न फर्किन्छन । उनिहरुको समस्या सुनिदिने आधिकारी निकाय नै नवनेको जस्तो देखिन्छ । विद्यालयका

शिक्षकहरुलाई कम सेवा सुविधा तथा पारिश्रमिकमा काम गराइरहेका विद्यालयहरुले उनिहरुलाई आफ्नो पारिश्रमिक प्रति सन्तुष्ट भएको भन्ने कुरामा हस्ताक्षर गराउने गरेको समेत पाइयो । यसो गर्नु भनेको उनीहरुको शोषण गर्न खोजेको भन्ने कुरा प्रष्ट रुपमा थाहा हुन्छ । यसरी सधैं आफू बोझिलो कार्यभार र पेटभरी खान नपुग्ने पारिश्रमिक प्रति सन्तोष भएर संस्थागत विद्यालयका शिक्षकहरु आफ्नो जागिर पकाउन वाध्य भएको देखिन्छ ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारलाई काम अनुसारको ज्याला दिनुपर्ने कामदारलाई थकावट नहुने गरी काममा लगाउनु पर्ने, समयमा काम गरेवापत वोनसको व्यवस्था गर्नु पर्ने जस्ता कुरामा जोड दिएको पाइन्छ तर अध्यनयले यस्तो व्यवहार विद्यालयका शिक्षकहरु प्रति नगरेको पाइयो । विद्यालयका शिक्षकहरुलाई त सकेसम्म वढी काममा लगाउने उनीहरुको पारीश्रमिकको कदर नगर्ने कुनै पुरस्कारको व्यवस्था नगरी आराम समेत गर्ने समय नभएको समेत बास्तविकता छनोटमा परेका विद्यालयका शिक्षक एवम् अभिभावकसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

संस्थागत विद्यालय भन्नाले सरकार वा सरकारको कुनै पनि निकाय वा स्वामित्व भएका कुनै पनि संघ संस्थाहरुले वाहेक नीजि लगानीमा संघ संस्था, व्यक्तिले सालवसाली आर्थिक लगानी गरि संचालन भएको पूर्व प्राथमिक देखि उच्च माध्यमिक विद्यालयसम्मको विद्यालय मानिन्छ । नेपालमा अहिले यस प्रकारका नीजि क्षेत्रमा संचालित विभिन्न शिक्षण संस्थाहरु छन् । निजी रुपमा संचालित विद्यालयहरुको स्थायित्व कसरी काम गर्ने र यिनीहरुलाई संस्थागत रुपमा कसरी विकसित गर्ने भन्ने कुराको अन्योल छ । यसरी आफ्नै जग्गा र भवनमा संचालित निजी विद्यालयहरु सामुदायिक विद्यालयको तुलनामा न्यून मात्रामा रहेका छन् । देशमा संचालित निजी क्षेत्रका शिक्षण संस्थाहरुमा आधा भन्दा वढी संस्थाहरु पूर्व प्राथमिक शिक्षणमा जोड दिने खालका छन् । यि विद्यालयहरु सरकारी स्रोतवाट संचालित संस्थाका रुपमा रहेका छैनन् । यि

संस्थाहरुप्रति सरकारको न नियन्त्रण छ, न निर्देशन नै छ । यस्तो प्रतिकुल अवस्था भएको हुँदा निजी क्षेत्रको शिक्षण संस्थाहरुलाई निश्चित नीतिका आधारमा अगाडि वढाउन सकिएको अवस्था देखिदैन । शिक्षण संस्थाहरुको आ-आफ्नै मनोमानी चलेको अवस्था देखिन्छ । सरकारका सिमित स्रोत र साधनले मात्र शिक्षको वढ्दो मागलाई उपयुक्त ढंगले परिपूर्ति गर्न र व्यवस्थित गर्न सकिदैन । त्यसैले मुलुकको शिक्षा विकासमा निजी क्षेत्रको लगानी र योगदानको विशेष महत्व छ ।

अपेक्षित स्तरयुक्त शिक्षा विकासका लागि निजी क्षेत्रलाई शिक्षामा वढी लगानी गर्न प्रेरित गर्नु र गुणस्तरयुक्त शिक्षा स्वेदशमा नै उपलव्ध गराई विदेशी मुद्रा खर्च गरी देश वाहिर गएर पढन नपर्ने परिस्थितिको सिर्जना गर्न संस्थागत विद्यालयको भूमिका महत्वपूर्ण हुन्छ । तर यस्ता विद्यालयहरुमा काम गर्ने शिक्षकहरुको अवस्था भने सरकारी विद्यालयहरुको शिक्षकहरुको तुलनामा दयनिय देखिन आएको पाइएको छ । संस्थागत विद्यालयमा शिक्षा प्रदान गर्ने नाममा शैक्षिक वेरोजगारको शोषण गरेको अवस्था पाइन्छ । यस्ता विद्यालयका शिक्षकहरुले आफ्नो पेशाको सुरक्षा महसुस गर्न नपाएको देखिन्छ । एकातिर आफूले पाएको रोजिरोटी गुम्ला भन्ने डर, अर्को तर्फ आफूले गरेको मेहनत अनुसारको सेवा सुविधा र पारिश्रमिक नपाएको अवस्था देखिन्छ । यस्ता विद्यालयका शिक्षकहरु आफ्नो पेशा प्रति सन्तुष्ट नभएको तथ्याङ्कवाट प्राप्त हुन आयो । उनिहरुलाई जागिरको स्थायित्वको बारेमा छलफल गर्दा जागिरलाई एउटा प्लेटफर्मको रुपमा मात्र लिइएको र अन्यत्र राम्रो अवसर पाएमा तुरुन्त जान सक्ने कुरा तथ्यले उजागर गरेको पाइयो ।

प्रत्येक शैक्षिक वर्षको अन्त्यमा संस्थागत विद्यालयका शिक्षकहरु आफ्नो पेशाको सुरक्षाका निम्ती आन्दोलनमा उत्रने र नयाँ सत्र शुरु भएपछि आफ्ना माग पुराहोस् वा नहोस् आफ्नो काममा फर्किने गरेको पाइयो । शिक्षकहरुको पारिश्रमिक निर्धारण कसरी गर्ने भन्ने कुरामा उनिहरुले विद्यार्थीहरुको संख्या नै हो भनि वताएको पाइयो । तर सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पारिश्रमिकका लागि विद्यार्थी संख्याले

खासै फरक नपर्ने देखिन्छ ।

संस्थागत विद्यालयको नतिजा अन्य सरकारी विद्यालयको भन्दा सधैं जसो राम्रो आउने गरेको पाइन्छ । यसो हुनुमा संस्थागत विद्यालयहरुमा शिक्षकहरुलाई कडा परिश्रमक गर्नु पर्ने देखिन्छ । उनिहरुलाई विद्यालयको नतिजा राम्रो भएमा विद्यार्थी संख्या वढ्ने, सोही अनुसार विद्यालयको आम्दानी वढी पारिश्रमिकमा वृद्धि गर्न सकिने भन्ने कुराले प्रेरित गरेको कुरा पाइयो । यसरी राम्रो नतिजा ल्याउनका लागि संस्थागत विद्यालयहरुका शिक्षकहरु कडा मेहनतका साथ लागि परेको पाइन्छ । संस्थागत विद्यालयमा रहेको कडा शैक्षिक प्रशासन तथा त्यहाँ रहेको एक प्रकारको एकाधिकारवादी प्रशासनले पनि त्यहाँ रहेको शिक्षकहरु मानसिक हिसावले अत्यन्तै वोझिलो भएको पाइयो । त्यसैले यी माथि उल्लेख गरिएको अहम् सवालहरुलाई चुनौतिका रुपमा लिन सकिन्छ ।

अध्ययनमा परको संस्थागत विद्यालयहरुको तलवी विवरणलाई हेर्दा कुनै पनि विद्यालयमा सरकारी स्केल अनुसारको तलव कुनै तहमा पनि देखिदैन । शैक्षिक उपलव्धि वढी रहेको चिल्ड्रेनलाइफ इङ्लिस वोर्डिङ स्कुलमा त न्यूनतम मासिक रु ७०००।- तलव देखिन्छ जुन प्राथमिक तहको सरकारी तलव रु १८०००।- चानचुन छ । यो लगभग ३८ प्रतिशत रहेको छ । अधिक तलव स्केल मासिक रु २००००।- छ जुन सरकारी माध्यमका शिक्षकको तलवको लगभग ८१ प्रतिशत रहेको छ । अन्य विद्यालयहरुमा तलवमान होलिचाइल्डमा न्यून मासिक रु ५०००।- र अधिक मासिक रु १७५००।-, अम्मर आदर्श आवासीय उ.मा.वि.मा न्यून मासिक रु ६५००।- र अधिक मासिक रु १९०००।- त्यस्तै सनराइज आवासिय उ.मा.वि. मा न्यून मासिक रु ६०००।- र अधिक मासिक रु १८०००।- रहेको पाइयो । यी तीन विद्यालयको तलव मान झन कम छ रहेको तथ्य छनोटमा परेका विद्यालयका प्र.अ., व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको अन्तरक्रिया एवम् अवलोकनबाट जानकारी प्राप्त भएको थियो ।

तलव स्केलको दृष्टिकोणले अमरआदर्श आवासिय उ.मा.वि. दोस्रो स्थानमा, दोस्रो सनराइज आवासीय उ.मा.वि.तेस्रो स्थानमा र होलिचाइल्ड आवासिय मा.वि. चौथो स्थानमा रहेको देखिन्छ । यसरी संस्थागत विद्यालयमा अध्यापनरत शिक्षकहरुको श्रमको चर्को शोषण भइरहेको छ । यो कुरा तथ्याङ्कले आफै उजागर गरेको कुरा स्पष्ट छ । अध्ययनमा विद्यालयहरुमा दशैं पेश्कीको समेत स्पष्ट व्यवस्था नभएको पाइयो । संस्थागत विद्यालयमा शिक्षण गरिरहेका शिक्षकहरु उच्च तनावमा रहिरहेको पाइयो । अवसर प्राप्त हुनासाथ शिक्षण पेशावाट भागिहाल्ने अवस्था देखियो । यस्तो अवस्थाले संस्थागत विद्यालयमा पढाउने शिक्षकहरुको शिक्षणमा स्थायित्व कम हुने र विद्यालयहरुको पढाईमा प्रतिकुल असर परेको स्वयम् अभिभावकहरुको गुनासो समेत सुनियो । हामी आफै पनि कल्पना गरौंकी अहिलेको दिन दुई गुणा र रात चौगुणाको हिसावले वढीरहेको महंगि वजारलाई एउटा संस्थागत विद्यालयमा पढाउने शिक्षकले कसरी टार्न सक्ला ? के सम्भव हुन्छ ? अवस्य देखिन्न त्यसैले जहाँ श्रमको चर्को शोषण गरिन्छ त्यहाँ पक्कै पनि दिर्घकालिन हिसावले सिंगो शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव परेको कुरा छर्लङ्ग देखिन्छ । त्यसैले शिक्षकहरुको पारिश्रमिकको उचित व्यवसथापन नगरिकन शैक्षिक गुणस्तरमा सकारात्मक परिवर्तन हुन नसक्ने तथ्य समेत अध्ययनका क्रमममा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकहरुबाट जनकारी प्राप्त भएको थियो ।

चिल्ड्रेनलाइफ इङ्लिस वोर्डिङ स्कुल अध्यापनरत शिक्षकहरुले पाउने सेवा सुविधा अन्य विद्यालयका शिक्षकहरुले पाउने सेवा सुविधा भन्दा उच्च रहेको देखिन्छ । प्रत्येक सुविधाको विवरण तल प्रस्तुत गरिएको छ ।

चिल्ड्रेनलाइफ इङ्लिस वोर्डिङ स्कुलमा अध्यापनरत शिक्षकहरुले अन्य शिक्षकको अनुपस्थित भएको अवस्थामा जुन शिक्षकको पिरियड खाली हुन्छ उसको ठाउँमा पठाउने व्यवस्था  छ । एउटा अतिरिक्त कक्षा लिए वापत रु ४०।- का दरले तलव भुक्तानि गर्दा मासिक रुपमा हिसाव भुक्तानी गर्ने व्यवस्था रहेको छ । तर अन्य विद्यालयमा अतिरिक्त कक्षा लिए वापत रकम दिने व्यवस्था पाइएन ।

कर्मचारी संचयकोष थपको व्यवस्थाको अध्ययन गर्दा चिल्ड्रेनलाइफ इङ्लिस वोर्डिङ स्कुलमा एक वर्ष सेवा अवधि पुगेका शिक्षकलाई तलव स्केलको १० प्रतिशत कर्मचारी संचयकोषको रकम थप गर्ने व्यवस्था रहेको पाइयो । होली चाइल्ड आवासिय मा.वि.मा दुईवर्ष सेवा अवधि पुगेका शिक्षकलाई त.भ. को १० प्रतिशत बरावरको रकम कर्मचारी संचाय कोषको रकम थपी दिने व्यवस्था छ । सनराइज आवासीय उच्च माध्यमिक विद्यालयमा कर्मचारी संचयकोषको रकमको व्यवस्था गरेको पाइएन । अमर आदर्श आवासिय उच्च माध्यमिक बिद्यालयमा पाँच वर्ष पुरा अवधि भएपछि मात्र कसमकोषको रकम १० प्रतिशतको व्यवस्था गरेको पाइयो ।

**विदा सुविधा :** विदाको सुविधाको अध्ययन गर्दा चिल्ड्रेन लाइफ इङ्लिस वोर्डिङ स्कुलमा एक वर्षमा १८ दिन लिन पाउने व्यवस्था पाइयो । यी १८ दिनमा क्या.वि. र पर्व विदा ३/३ दिन र विरामी विदा १२ दिन लिन पाउने व्यवस्था रहेको छ । विरामी विदा संचित गरी अर्को वर्षमा राख्न पाउने व्यवस्था छ भने क्या.वि. र पर्व विदा संचित गर्न नपाइने व्यवस्था रहेको छ । होलिचाइल्ड आवासिय माध्यमिक बिद्यालय, सनराइज आवासिय उ.मा.वि र अमर आदर्श आवासिय उ.मा.वि.मा एक वर्षमा १२ दिन विदा पाउने सुविधा रहेको पाइयो । ३/३ दिन क्या.वि. पर्व विदा र ६ दिन विरामी विदाको व्यवस्था पाइयो । तिनवटै विद्यालयमा क्या.वि. र पर्व विदा संचित गर्न नपाइने र विरामी विदा संचित गर्न पाइने व्यवस्था रहेको पाइयो ।

ग्रेड सुविधाको अध्ययन गर्दा चिल्ड्रेन लाइफ इङ्लिस वोर्डिङ स्कुलमा तीन वर्ष पुरा पुगेपछि सरकारले सम्वन्धित तहमा दिने सरहको ग्रेड सुविधा दिने गरेको पाइयो । होलिचाइल्ड आवासिय माध्यमिक बिद्यालयमा पांच वर्ष सेवा अवधि पुगेपछि मात्र सरकारले सम्वन्धित तहमा दिने सरह ग्रेड दिने गरेको पाइयो । सनराइज आवासिय उ.मा.वि.मा तीन वर्ष पुरा पुगेपछि सम्वन्धित तहमा सरकारले दिइएको सरह दिने गरेको पाइयो । त्यस्तै अमर आदर्श आवासिय उ.मा.वि.मा चार वर्ष पुगेपछि सरकारले

सम्वन्धित तहका शिक्षकलाई दिने गरेको ग्रेड सुविधा दिने गरेको पाइयो ।

छनाटमा परेका विद्यालयमा पोशाक सुविधाको अध्ययन गर्दा चिल्ड्रेन लाइफ इङ्लिस वोर्डिङ स्कुलमा एक वर्षमा एक पटक पुर्ण तयारी पोशाक निशुल्क दिने व्यवस्था गरेको पाइयो । होलिचाइल्ड आवासिय माध्यमिक बिद्यालयमा एक वर्षमा एक पटक तयार गरेको पोशाकको आधा रकम विद्यालयले व्यहोरिदिने गरेको पाइयो । सनराइज आवासिय उ.मा.वि.मा पोशाकको सिलाई मात्र एक पटकमा फ्रि गरिदिने गरेको पाइयो । भने अमर आदर्श आवासिय उ.मा.वि.मा पनि एक वर्षमा एक पटक पोशाक निशुल्क दिने गरेको पाइयो ।

चिल्ड्रेन लाइफ इङ्लिस वोर्डिङ स्कुलमा होस्टेलमा विहान वेलुका वसेर काम गर्ने शिक्षकलाई दिनमा भन्दा दोव्वर मौद्रीक सुविधा दिने व्यवस्था गरेको पाइयो । होलिचाइल्ड आवासिय माध्यमिक बिद्यालयमा होस्टेलमा कुनै किसिमको सुविधा नभएको पाइयो । र सनराइज आवासिय उ.मा.वि.मा अमर आदर्श आवासिय उ.मा.वि.मा शिक्षकहरुलाई होस्टेलमा पालो गरी राख्ने व्यवस्था गरेको पाइयो । होस्टेलमा काम गरेवापत अतिरिक्त सुविधा दिने व्यवस्था गरेको पाइएन ।

दिनमा लिनु पर्ने पिरियड संख्या : अध्ययनमा परेको चारवटै विद्यालयमा ४५ मिनेटका ७ वटा पिरियडको व्यवस्था आइतवार देखि विहिवार सम्म गरेको पाइयो र ति दिनमा प्रत्येक शिक्षकले ६ पिरियड अध्यापन गर्नु पर्ने व्यवस्था गरेको पाइयो । शुक्रवारको हकमा सवै विद्यालयमा चार पिरियड पढाएपछि अतिरिक्त क्रियाकलाप संचालन गर्ने व्यवस्था गरेको पाइयो ।

वच्चावच्ची पढाउने सुविधा : शिक्षकहरुले पाउने सेवा सुविधा मध्ये वच्चावच्चीलाई पढाउने सुविधा पनि एउटा हो । चिल्ड्रेन लाइफ इङ्लिस वोर्डिङ स्कुलमा शिक्षकको एउटा वच्चालाई निशुल्क पढाईदिने व्यवस्था गरेको पाइयो । अन्य तीनवटा विद्यालयको

हकमा एउटा वच्चाको आधा रकम फ्रि गरिदिने व्यवस्था रहेको पाइयो ।

छनाटमा परका विद्यालयहरुमा तलव भत्ताको अवस्था अन्य विद्यालयमा भन्दा चिल्ड्रेन लाइफ इङ्गलिस वोर्डिङ स्कुलमा राम्रो देखिन्छ । दोस्रो दर्जामा अमर आदर्श आवासीय उ.मा.वि.को तलव अवस्था देखिन्छ । तेस्रो अवस्थामा तलवभत्ताको दृष्टिले सनराइज आवासीय उ.मा.वि. रहेको छ भने चौथोमा होलिचाइल्ड आवासिय माध्यमिक बिद्यालय रहेको देखिन्छ ।

टायालरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, फ्रेडिकहर्जब्रिजको प्रेरक सिद्धान्त जस्ता सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा छनोटमा परेका विद्यालयहरुमा शिक्षकलाई दिइने सेवा सुविधा के कस्तो रहेको छ भन्ने जस्ता कुरालाई आधार मानेर सोही अनुसार तथ्य संकलन गर्दा छनोटमा परेको १ वटा विद्यालयमा मात्र अतिरिक्त कक्षा बापत थप सेवा सुविधा प्रदान गर्नुका साथै सरकारी तलब स्केल अनुसार तलब नभए पनि शिक्षकहरु सन्तुष्ट रहेको तथ्य प्राप्त भएको थियो भने अन्य विद्यालयमा भने अनुसारको विकल्पको खोजि गर्न नसकेका कारणले गर्दा आफूहरु बाध्य भएर आध्यापन गर्न परेको भन्ने उत्तरहरुबाट शिक्षकहरुलाई दिइएको सुविधा प्रयाप्त हुन नसकेको तथ्य प्राप्त भएको छ ।

## ४.२ संस्थागत विद्यालयका शिक्षकको सेवा सुविधालाई प्रभाव पार्ने तत्वहरु

कुनै पनि विद्यालयमा शिक्षक भनेका शिक्षण कार्यकलापमा प्रमुख अंगका रुपमा मानिन्छ । यदि विद्यालयका शिक्षक खुसी हुन सकेनन् भने त्यस विद्यालयको शिक्षण क्रियाकप पनि प्रभावकारी हुन सक्दैन भन्ने कुरामा पूर्ण रुपले विश्वास गर्न सकिन्छ । शिक्षकहरुले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा सबै जसो संस्थागत विद्याालयमा शिक्षकलाई दिइने सेवा सुविधा एवम् तलबमान न्यून रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । छनोटमा परेका विद्यायमा विद्यार्थीको शैक्षिक अवस्था के कस्तो रहेको छ भनी गरिएको अध्ययन

अनुसन्धान अनुसार निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छः

### ४.२.१ आर्थिक अवस्था

शिक्षकहरुले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रमा छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल, अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीबाट प्राप्त तथ्यबाट प्राप्त जानकारी अनुसार विद्यालयमा आर्थिक अवस्था न्यून रहेका कारणले गर्दा सरकारी तवर अनुसार सेवा सुविधा दिन नसक्नुका साथै अत्याधिक पिरियणभार शिक्षकलाई राख्नु परेको भन्ने जस्ता उत्तरहरु विद्यालयमा शिक्षकहरु, प्र.अ. एवम् विद्यालय व्यवस्थापनका समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२.२ आन्तरिक द्वन्द्व

विद्यालयमा शिक्षक विद्यार्थी, विद्यालय व्यवस्थापन समितिको सम्बन्धले पनि सेवा सुविधा प्रभावित हुन सक्ने तथ्य अध्ययनका क्रममा छनोटमा परेका विद्यालयमा शिक्षक, विद्यार्थी अभिभावकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा कुनै एक शिक्षकप्रति व्यवस्थापन समितिको राम्रो सम्बन्ध छैन भने उसले शिक्षकलाइ उचित सेवा सुविधा दिन नचाहनुका साथै अर्को शिक्षक ल्याउने व्यवस्था मिलाउने जस्ता कार्यकलाप संस्थागत विद्यालयमा हुने हुँदा विद्यालयमा हुने आन्तरिक द्वन्द्वलाई शिक्षकको सेवा सुविधामा प्रभाव पार्ने प्रभावकारी तत्वका रुपमा लिन सकिने तथ्य अध्ययन अनुसन्धानका लागि छनोटमा परेका उत्तरदाताहरुबाट जानकारी प्राप्त भएको छ ।

### ४.२.३ पुरातन परिपाटिको सोच विद्यालय व्यवस्थापन समितिमा रहनु

विद्यालयमा शिक्षकको सेवा सुविधामा के कस्ता तत्वले प्रभाव पार्न सक्दछ भनेर

शिक्षकहरुसँग गरिएको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार शिक्षकहरुमा पुरानो सोच रहँदा शिक्षकहरुले पढाए भै हाल्छ भन्ने जस्ता सोच बिचार हुनुका साथै एउटा नभए अर्को शिक्षक आइहाल्छ भन्ने जस्ता पुरानै सोचका कारणले गर्दा शिक्षकको सेवा सुविधामा प्रभाव पर्ने भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । विद्यालयका व्यवस्थपन जब सम्म पुरानै बिचार धाराका हुन्छन् तवसम्म विद्यालयमा शैक्षिक सुधार पनि हुन नसक्नुका साथै सेवा सुविधामा पनि प्रभावकारी हुन नसक्ने तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । त्यसैगरी नयाँ जोस र जाँगर भएका शिक्षित व्यवस्थापन समिति भएका विद्यालयमा शिक्षकलाई दिइने सेवा सुविधामा पनि वृद्धि हुनुका साथै शैक्षिक गुणस्तर समेत राम्रो रहेको भन्ने जस्ता उदाहरणहरु समेत अध्ययनका क्रममा छनोटमा परेका उत्तरदाताहरुबाट आएको हुनाले शिक्षकलाई दिइने सेवा सुविधामा व्यवस्थापन सममितिको धारणाले प्रभावकारी भूमिका खेल्ने तथ्य प्राप्त भएको छ ।

### ४.२.४ अभिभावकका चेतना

जब विद्यालयमा आफ्ना बाबुनानीहरुलाई पढ्न पठाउने अभिभावक नै सचेत हुँदैनन् भने त्यो अवस्थामा अभिभावकलाई विद्यालय के कसरी चलेको छ भन्ने बारेमा कुनै जानकारी नै हुन सक्दैन सचेत अभिभावकबाट नै विद्यालयले कोल्टो फर्न सक्नुका साथै विद्यालयमा देखिएका समस्या समाधान एवम् शिक्षकहरुमा देखिएका पिर मर्काका बारेमा आवाज उठाउने कार्यकलाप हुन सक्ने तथ्य अध्ययनका क्रममा छनोटमा परेका उत्तरदाताहरुबाट जानकारी प्राप्त भएको थियो ।

शिक्षकले पाउने सेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा अध्ययनको सैद्धान्तिक खाका अनुसार आधारित भएर शिक्षकरुको सेवा सुविधामा प्रभाव पार्ने तत्वको बारेमा विश्लेषण गर्ने क्रममा विद्यालयको तल्लो स्तरमा विद्यार्थी संख्या बढी र माथील्लोमा कम पाइयो , भौतिक सुविधा संस्थागत विद्यालयमा

कमजोर रहेको पाइयो कुनैको पनि भवन र जमिन नभएको  शैक्षिक स्थितिको अवस्था सबैभन्दा बढी राम्रो चिल्ड्रेन लाइफ इङ्गिलस बोर्डिङ स्कुल त्यस पछि अमर आदर्श आवासिय उच्च मा.वि. तेस्रो स्थानमा सनराइज र चौथोमा होली चाइल्ड आवासिय मा.वि. रहेको पाइयो ।  शिक्षकहरुले हप्तामा ३० देखि ३५ पिरियसम्म शिक्षण गर्ने गरेको र सोही अनुसार उचित सेवा सुविधा भने हुन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

विद्यालयका शिक्षकको नियुक्तिमा कुनै नियम नभएको र उनीहरुलाई जागिरको स्थायीत्वको लागि कुनै आधार नभएको,  संस्थागत विद्यालयका शिक्षकका लागि कुनै प्रोत्साहनमूलक कार्य विद्यालयबाट हुन नसकेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । संस्थागत विद्यालयका शिक्षकलाई सेवासुविधा र पारिश्रमिक सम्बन्धि कुनै नियम नबनाएको संस्थापक पक्षहरुको मनोमानीमा शिक्षकहरुको पारिश्रमिक तोकिएको पाइयो भने सेवा सुविधा पनि खासै नदिएको पाइयो ।  चिल्ड्रेन लाइफ इङ्गिलस बोर्डिङ स्कुलका पारिश्रमिक सबै भन्दा बढी दोस्रोमा अमर आदर्श आवासिय उच्च मा.वि. तेस्रोमा सनराइज आवासिय उच्च मा.वि. र अध्ययनका विद्यालयमा सवै भन्दा कम शिक्षकलाइ पारिश्रमिक दिने विद्यालय होलीचाइल्ड आवासिय मा.वि. पाइयो । विद्यालयका शिक्षकहरुलाई न्याय दिने संस्था औपचारिक रुपमा स्थापना नभएको पाइयो । जुन विद्यालयमा शिक्षकको सेवा सुविधा र पारिश्रमिक बढी छ त्यस्तो विद्यालयमा शैक्षिक उपलब्धि उच्च रहेको पाइयो । विद्यालयमा शिक्षकको शैक्षिक स्तर उकास्ने तालिम, सेमिनार, गोष्ठी तथा अन्य कार्यमा समेत नपठाउने गुनासो पनि पाइयो ।

यसरी अभिभावकको चेतना, आर्थिक अवस्था, राजनीतिक कारण, व्यवस्थापन समितिको धारणा जस्ता प्रभावकारी तत्वहरुले शिक्षकको सेवा सुविधामा प्रभाव पारेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

## ४.३ संस्थागत विद्यालका शिक्षकहरुको सेवा सुविधाले देखापरेका समस्याहरु

संस्थागत विद्यालयमा शिक्षकलाई दिइने सेवा सुविधा अति नै न्यून मात्रामा रहेको पाइन्छ । सरकारी विद्यालयका तुलनामा ५० प्रतिशत सम्म पनि तलबमान नभएका विद्यालयहरु पाइन्छन् भने । पिरियडभार पनि उत्तिकै मात्रामा अधिक रहेको छ । यसै कुरालाई मध्यनजर गरेर संस्थागत विद्यालयमा शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधाले शैक्षिक स्तरमा पारेको प्रभाव नामक शीर्षकमा गरिएको यस शोधकार्यमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छलफल, अन्तरक्रिया एवम् अवलाकन गरिएको थियो । जसबाट प्राप्त जानकारीलाई निम्नानुसारका उपशीर्षकमा विभाजन गरिएको छ :

### ४.३.१ शिक्षकहरु पेशाप्रति हतोत्सायि रहनु

शिक्षण पेशा भनेको नितान्त शुद्ध पेशाका रुपमा लिन सकिन्छ । विद्यालय समयमा मात्र नभइ कन घरमा समेत आएर भोलिका दिनमा के कसरी अध्यापन गर्ने भन्न बारेमा गहन अध्ययन हुन नसकेका खण्डमा अध्यापन गराउन सकिँदैन । कुनै पनिशक्षलाई पेशामा खटाउन तथा शैक्षिक उपलब्धि वृद्धि गराउनक लागि आवश्यक सेवा सुविधा दिनु नितान्त आवश्यक छ । यिनै कुरालाई दृष्टिगत गर्दै संस्थागत विद्यालयमा शिक्षकहरुको सेवा सुविधा एवम् पारिश्रमिकतले शैक्षिक स्तरमा पारेको प्रभाव नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपमा विद्यालय निश्चित व्यक्तिको लगानीबाट संचालन हुने भएकोले विद्यालयको आर्थिक कारोबारमा अपारदर्शिता भएको पाइयो, विद्यालयमा प्रयाप्त कमाइ भएर पनि आफूहरुलाई उचित सेवा सुविधा नदिँदा शिक्षण पेशापति निरुत्साह उत्पन्न भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका अध्ययन स्थलका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ शिक्षकहरु विकल्पको खोजिमा रहनु

कुनै संघ संस्थामा कार्यरक कर्मचारी उक्त पेशामा उचित सेवा सुविधा पाउन सक्दैन भने उसले विकल्पको खोजि गर्नु कुनै नौलो कुरा भने मानिँदैन । छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ताले गरेको छलफल तथा अवलोकन अनुसार शिक्षकहरुलाई उचित सेवा सुविधा नदिँदा शिक्षकहरु आफ्नो विकल्पको खोजिमा रहने र एउटै शैक्षिक सत्रमा उएटै विषयमा ३।४ जना सम्म शिक्षक फेरिएर शैक्षिक सत्र सञ्चालन गर्नुपर्ने जस्ता समस्या समेत विद्यालयमा रहेको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.३ विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक बिचको दुरी टाढा रहनु

विद्यालय व्यवस्थापन समिति भनेका विशेष गरी शेयर लगानी कर्ताहरु रहेको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । उनीहरुले आफूहरुलाई गर्ने गरेको व्यवहारबाट शिक्षक व्यवस्थापन समितिमा आफूहरुलाई कुनै पनि कुरा राख्नका लागि मन नलाग्ने भन्ने जस्ता उत्तरहरु समेत शिक्षकबाट प्राप्त भएका थिए । भने विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको छलफल तथा अन्तरक्रिया भनेको शिक्षकहरु भनेका हामीले भनेको मार्गदर्शनमा कार्य गर्ने व्यक्तिहरु हुन् । उनीहरुले पढाए बापत हामीले पारिश्रमिक दिने गरेको छौं । हाम्रो विद्यालयले थेग्न सक्ने पारिश्रमिक दिने गर्दछौं । त्यसमा सन्तुष्ट भएमा अध्यापन गर्दछन् नभएको अर्को विकल्प खोजिन्छ भन्ने जस्ता उत्तरहरु दिएको हुँदा शिक्षक र वि.व्य.स. बिचको दुरी टाढा रहेको पाइयो ।

### ४.३.४ विद्यालयको शैक्षिक स्तर उचित मात्रामा सुधार हुन नसकेको

विद्यालयमा शिक्षकलाई उचित पारिश्रमिक पनि नदिने र पेशाप्रति प्रोत्साहन पनि नगर्ने जस्ता कार्यकलाप गर्दा शिक्षकहरु पेशाप्रति निरुत्साहित हुन पुगी शैक्षिक स्तर बढ्नुको सट्टामा झन् झन घट्दै गएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक एवम् अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.५ केवल औपचारिकतामा मात्र शिक्षकहरु सीमित रहनु

शिक्षकहरुको सेवा सुविधाले गर्दा शिक्षण कार्यकलापमा के कस्ता समस्याहरु रहेका छन् - भनी गरिएको छलफल अन्तरक्रिया एवम् अवलोकन अनुसार कुनै पनि कर्मचारी एवम् कामदारलाई काम लगाउनका लागि उसलाई मनभित्रबाटै खुसी तुल्याउनु आवश्यक रहेको हुन्छ ताकि त्यो हुन सकेन भने उसले स्वतस्फुर्त रुपमा काम नगरी केवल औपचारिकता निभाउने काम गरेको हुन्छ भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक एवम् विद्यार्थीबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका अध्ययन स्थलबाट प्राप्त तथ्य अनुसार विद्यालयमा शिक्षकहरुलाई दिइने सेवा सुविधाले शिक्षकहरु केवल औपचारिकता मात्र पुरा गर्ने तर्फ अग्रसरभई आफ्नो जिम्मेवारीबाट टाढा रहन खोजेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । त्यसैगरी अध्ययनका क्रममा प्राप्त तथ्य अनुसार विद्यालयले गर्दै आएको व्यवहारबाट आफूहरुलाई आत्मग्लानी भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा प्राप्त भएको हुँदा शिक्षकहरु विकल्पकको खोजिमा रहेका तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । यसरी विद्यालयमा शिक्षकलाई दिइएको सेवा सुधिवा प्रभावकारी हुन नसक्दा शिक्षक सिकाइ क्रियाकलापमा नकरात्मक असर पर्न पुगेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

## ४.४ संस्थागत विद्‌यालका शिक्षकहरुको सेवा सुविधामा देखिएका समस्या समाधानका उपायहरु

विद्यालयमा शिक्षकहरुको पारिश्रमिक, सेवा सुविधाव र कार्यभारले सिकाइ क्रियाकलापमा पारेका समस्याहरुलाई समाधान गर्नका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ भनि अनुसन्धानकर्ताका प्रत्यक्ष उपस्थितिमा गरएको छलफल, अन्तरक्रिया एवम् अवलोकनबाट प्राप्त जानकारीलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ विद्यालयको आर्थिक कारोवारमा पारदर्शिता हुनु पर्ने

शिक्षण पेशा भनेको नितान्त शुद्ध पेशाका रुपमा लिन सकिन्छ । विद्यालय समयमा मात्र नभइ कन घरमा समेत आएर भोलिका दिनमा के कसरी अध्यापन गर्ने भन्न बारेमा गहन अध्ययन हुन नसकेका खण्डमा अध्यापन गराउन सकिँदैन । कुनै पनि शिक्षकलाई पेशामा खटाउन तथा शैक्षिक उपलब्धि वृद्धि गराउनक लागि आवश्यक सेवा सुविधा दिनु नितान्त आवश्यक छ । यिनै कुरालाई दृष्टिगत गर्दै शिक्षकहरुको सेवा सुविधा ले शैक्षिक स्तरमा पारेको प्रभाव नामक शीर्षकमा संस्थागत विद्यालयलाई आधार मानेर  तयार गरिएको प्रस्तुत शोधपमा विद्यालय निश्चित व्यक्तिको लगानीबाट संचालन हुने भएकोले विद्यालयको आर्थिक कारोबारमा अपारदर्शिता भएको पाइयो, विद्यालयमा प्रयाप्त कमाइ भएर पनि आफूहरुलाई उचित सेवा सुविधा नदिँदा शिक्षण पेशापति निरुत्साह उत्पन्न भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका अध्ययन स्थलका शिक्षकहरुबाट जानकारी प्राप्त भएको हुँदा आर्थिक कारोवारलाई पारदर्शी गरेर विद्यालयको स्तर अनुसार शिक्षकहरुलाई उचित सेवा सुविधा एवम् पारिश्रमिकको व्यवस्था हुन सकेका खण्डमा भोलिका दिनमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि थप सहयोग पुग्न सक्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४४.२ शिक्षकहरुलाई दिइने सेवा सुविधा र पारिश्रमिकमा वृद्धि गर्नु पर्ने

कुनै संघ संस्थामा कार्यरक कर्मचारी उक्त पेशामा उचित सेवा सुविधा पाउन सक्दैन भने उसले विकल्पको खोजि गर्नु कुनै नौलो कुरा भने मानिँदैन । छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ताले गरेको छलफल तथा अवलोकन अनुसार शिक्षकहरुलाई उचित सेवा सुविधा नदिँदा शिक्षकहरु आफ्नो विकल्पको खोजिमा रहने र एउटै शैक्षिक सत्रमा उएटै विषयमा ३।४ जना सम्म शिक्षक फेरिएर शैक्षिक सत्र सञ्चालन गर्नुपर्ने जस्ता समस्या समेत विद्यालयमा रहेको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको हुँदा विद्यालयमा कार्यरत शिक्षकहरुलाई उचित पारिश्रमिक दिएर उनीहरलाई पेशाप्रति सन्तुष्ट

बनाई बिकल्पको खोजीगर्ने प्रवृत्तिमा न्यूनकरण गर्न सकेका खण्डमा भोलिका दिनमा शैक्षिक स्तर विकासका लागि थप सहयोग पुग्ने तथ्य अनुसन्धानका क्रममा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक एवम् प्र.अ.सँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४.३ विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक बिचको सम्बन्धलाई नजिक बनाउनु पर्ने

विद्यालय व्यवस्थापन समिति भनेका विशेष गरी शेयर लगानी कर्ताहरु रहेको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । उनीहरुले आफूहरुलाई गर्ने गरेको व्यवहारबाट शिक्षक व्यवस्थापन समितिमा आफूहरुलाई कुनै पनि कुरा राख्नका लागि मन नलाग्ने भन्ने जस्ता उत्तरहरु समेत शिक्षकबाट प्राप्त भएका थिए । भने विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको छलफल तथा अन्तरक्रिया भनेको शिक्षकहरु भनेका हामीले भनेको मार्गदर्शनमा कार्य गर्ने व्यक्तिहरु हुन् । उनीहरुले पढाए बापत हामीले पारिश्रमिक दिने गरेको छौं । हाम्रो विद्यालयले थेग्न सक्ने पारिश्रमिक दिने गर्दछौं । त्यसमा सन्तुष्ट भएमा अध्यापन गर्दछन् नभएको अर्को विकल्प खोजिन्छ भन्ने जस्ता उत्तरहरु दिएको हुँदा यसरी विद्यालयमा शिक्षकहरुलाई न्यून पारिश्रमिक दिने, प्रोत्साहन गर्ने र उनीहरुलाई केवल कामदारका रुपमा हेर्ने जस्ता प्रवेत्तिले शिक्षक एवम् विद्यालय व्यवस्थापन समिति बिचको सम्बन्ध टाढिन पुगि शैक्षिक गुस्तरमा समेत असर पुग्न गएको तथ्य प्राप्त भएको हुँदा भोलिका दिनमा उनीहरुलाई उचित पारिश्रमिक एवम् सेवा सुविधा दिनुका साथै विद्यालय व्यवस्थापन समितिबाट शिक्षकलाई हेर्ने दृष्टिकोटा सकरात्मक हुन सकेमा खण्डमा शिक्षक एवम् व्यवस्थापन समिति बिचको सम्बन्ध नजिक भएर शैक्षिक गुस्तर वृद्धि गर्नका लागि पनि सहयोग पुग्ने तथ्य अध्ययन क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.४.४ सरकारले तोके अनुसारको तलवस्केल निर्धारण गर्नु पर्ने

संस्थागत विद्यालयका शिक्षकहरुको पारिश्रमिक सरकारले तोके अनुसारको तहगत स्केल बमोजिम कायम हुन सकेका खण्डमा सामुदायिक विद्यालयमा अध्यापन गर्ने र संस्थाग विद्यालयमा अध्यापन गर्ने शिक्षकले पाउने सेवा सुविधा बराबर भए पछि उनीहरुलाई सरकारी विद्यालयको आकर्षण कम हुन जानुका साथै पेशाप्रति पनि उत्साह वृद्धि भई शैक्षिक स्तर वृद्धिका लागि थप सहयोग पुग्ने तथ्य अध्ययनका क्रममा जानकारीप्राप्त भएको थियो ।

छनोटमा परेका अध्ययन स्थलमाबाट प्राप्त तथ्यलाई अध्ययनका सैद्धान्तिक खाका अनुसार देखिएका समस्याहरु के कसरी समाधान गर्न सकिन्छ भन्ने कुरामा पनि सिद्धान्त अनुसार मेल खाएको पाइन्छ । कुनै पनि कामदार वा कार्यगर्ने व्यक्तिलाई उचित पारिश्रमिक प्रदान गर्नका लागि उसलाई उचित तवरले काममा लागउनुका साथै संस्थागतको पनि आर्थिक अवस्था वृद्धि गर्न आवश्यक रहेको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा यस अध्ययन अनुसन्धान कार्यको निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत गरिएका निष्कर्ष दरै समुदायका अभिभावकहरु, शिक्षाप्रेमी बुद्धिजीवी महानुभावहरुको विचार तथा विद्यालयहरुमा भइरहेको वर्तमान अवस्थाको अध्ययन र स्थलगत अध्ययनको आधारमा तयार पारिएको छ। अध्ययनका क्रममा स्थलगत अवलोकन, भेटघाट, छलफल, अन्तर्वार्ता, प्रश्नावली आदिबाट प्राप्त तथ्यको आधारमा सुझावहरु उल्लेख गरिएको छ।

## ५.१ निष्कर्ष

सोध कार्यको क्रममा खोज र अनुसन्धानबाट प्राप्त तथ्याङ्कले सम्बन्धित क्षेत्रमा रहेको बास्तविकता बाहिर ल्याउन सहयोग पुऱ्याउँदछ। संस्थ्ागत विद्यालयहरु निजी लगानीबाट संचालन भएका छन् । विद्यालय भनेको शिक्षा प्रदान गर्ने औपचारिक संस्था हो । विद्यालयले समाजको माग र आवश्यकतालाई समेत ध्यान दिई लगानी र समयको सही सदुपयोग गनु पर्ने दायित्व लिई अगाडी बढेको हुन्छ। शिक्षामा गरेको लगानीको प्रतिफल धेरै पछाडी मात्र प्राप्त हुन्छ । त्यसैले धेरै समय लगाएर प्रतिफलको आशामा रहेका व्यक्तिहरुलाई पूर्ण रुपमा सन्तोष गर्ने खालको शिक्षा विद्यालयले प्रदान गर्नु पर्दछ। हाम्रो देशमा बढी ग्रामीण समुदायको हावी भएको अवस्था छ । उनीहरुको आर्थिक अवस्था कमजोर छ । उनीहरु माथी सामाजिक दबाब छ निरक्षरताले जरो गाडेको छ उनीहरु यस्तो दबदवाको स्थितिबाट बारि आउन नसक्ने स्थिति देखिन्छ । यसरी यस्ता समुदायलाई बाहिर ल्याउनका लागि समुदाय शसक्तिकरण, प्राविधिक विकासको माध्यमबाट साक्षरता पुनरउत्पादन विधि प्रयोग गरी साक्षर गराई आफ्नो हकहितका लागि लड्न सिकाउने पनि शिक्षा नै हो ।

अध्ययन क्षेत्र यस्तो वृहत र गहकिलो क्षेत्र हो जहा समाजको हरेक क्षेत्र गाँसिएको हुन्छ । अझ भन्ने हो भने एउटा बालकलाई मान्छे बनाउने काम शिक्षकले नै गर्दछ । यस्तो अध्ययनको क्षेत्रलाई एउटा स्वच्छ वातावरणमा हुर्कने मौका दिनु हामी सबैको कर्तव्य हुन आउँछ । हाम्रो देशमा भएका सामुदायिक संस्थागत विद्यालयहरु नै अध्ययन क्षेत्रका औपचारिक संस्था हुन । यस्ता संस्थाहरुले नै हामी र हाम्रा पूर्खाहरुको आवश्यकता र चाहना पूरा गर्ने चाहना बोकेको छन् । यसरी हेर्दा यी दुई प्रकारका विद्यालयमा भएका सम्पूर्ण पक्षलाई व्यवस्थित रुपमा संचालन गरिनु पर्दछ ।

संस्थागत विद्यालयको समग्र पक्षको व्यवस्थापनको बारेमा अध्ययन गर्दा निश्चित व्यक्तिको लगानीबाट संचालन हुने भएकोल सेवा भाव भन्दा पनि मुनाफा कमाउने उद्देश्यले संचालन गरेको पाइन्छ । यस्ता विद्यालयको भौतिक स्थिति निकै दयनीय देखिन्छ । केही न्यून मात्रमा मात्र आफ्नै जग्गा र भवन भएका विद्यालय पाइन्छ । नत्र धेरै जसो विद्यालयहरु अरुको घर जग्गा भाडामा लिएर संचालन गरेको देखिन्छ । यसरी संस्थागत विद्यालयको निश्चित आम्दानीको स्रोत हुनु र सम्पूर्ण खर्च त्यसैबाट बेर्होनु पर्ने अवस्था भएकोले पनि विद्यालय संचालन गर्न कठीन भएको देखिन्छ । सानो ठाउँमा विद्यालय संचालन गर्नु पर्ने सानो क्षेत्रका विद्यार्थी मात्र समेट्ने जस्ता परिपाटीले गर्दा संस्थागत विद्यालयमा समस्या आएको देखिन्छ । संस्थागत विद्यालयमा ठुला कक्षामा पाढाउने विषयगत शिक्षकको अभाव देखिन्छ । किन की यस्ता विद्यालयमा प्रायजसो अंग्रजी माध्यामबाट पढाइ हुन्छ र अंग्रेजी माध्यमबाट शिक्षण गर्नको लागि सबै विषय शिक्षकहरु भेटिदैन र धेरै पारिश्रमिक समेत दिनु पर्ने देखिन्छ । संस्थागत विद्यालयको तल्लो कक्षामा शिक्षण गर्ने शिक्षकलाई मौखिक नियुक्ति दिने र मन नपरेमा निकालिदिने परिपाटी पनि पाइयो ।

विद्यालयलाई अगाडी बढाउने सम्पूर्ण जिम्मा शिक्षक नै देखिन्छ । यस्तो विद्यालयको महत्वपूर्ण अंगका रुपमा रहेका शिक्षक पेशागत सुरक्षा र स्थायित्वको अभाव महशुस

गरिरहेका हुन्छन् । यस्ता विद्यालयमा अध्ययन  गर्ने विद्यार्थीका अभिभावक पनि आफ्ना बालबालिकाको प्रगति निमित्त सक्रिय भएको पाइयो । यसको कारण एक त यस्तो विद्यालयमा पढाउने अभिभावकहरु केही भएपनि सम्पन्न हुन्छन् र साक्षर पनि भएको पाइन्छ । अर्कोतिर आफ्नो प्रत्यक्ष लगानी लागेको हुनाले पनि उनीहरु आफ्नो बच्चाहरुको सिकाइ प्रति सचेत हुने गरेको पाइन्छ । उनीहरु बेलाबेलामा विद्यालय गई आफूलाई चित्त नबुझेका कुराहरु भन्ने र शिक्षकलाई आरोप लगान समेत पछि पर्दैनन् । यस्तो अवस्था आउनुको पछाडी शिक्षकको पारिश्रमिकको निर्धारण कर्ता नै अभिभावक भएको कारण हो यसरी दबाब सहन बाध्य भएका आफ्नो कार्यमा जवरजस्ती भएपनि सम्पूर्ण क्षमता प्रयोग गर्छन र विद्यालयलाई सम्दो नाफा उन्मुख बनाउँछन् र प्रत्येक अभिभावकहरुको मन समेत जितेर आफ्नो पारिश्रमिक प्राप्त गर्दछन् । यस्तो अवस्था भएर पनि शिक्षकको आफ्नो कार्यभार अनुसार सेवासुविधा र पारिश्रमिक नपाइएको अवस्था पाइन्छ । संस्थागत विद्यालयका शिक्षकहरु सामुदायिक विद्यालयको शिक्षक भन्दा बढी परिश्रम गर्छन तर सामुदायिक विद्यालयका शिक्षकको भन्दा पचास प्रतिशत भन्दा कम पारिश्रमिक लिइरहेको अवस्था प्रशस्त मात्रमा भेटियो ।

यसरी एकै स्तरमा भएको असमानता खेप्न बाह्य भएका संस्थागत विद्यालयका शिक्षक आफ्नो जागिरलाई अन्यत्र काम नपाएर मात्र यस कार्यमा रहने गरेको पाइन्छ । उनीहरु सधै यही पेशामा बस्ने र सम्पूर्ण क्षमता उपयोग गर्ने भन्ने मनस्थितिमा देखिदैन् । यस पेशालाई एउटा आधार बनाएर अन्यत्र नयाँ जागिरको खोजीमा हरतरहले लागि रहेको पाइन्छ । यस अध्ययनमा परेका विद्यालयका शिक्षकहरुमा पनि सन्तोषको मानसिकता पाइएन । अवसरको खोजीमा रहेको पाइयो ।

जुनसुकै विद्यालयमा शिक्षण गर्ने शिक्षकको सेवा सुविधा र पारिश्रमिक न्यायोचित हुनुपर्दछ । समान कार्यभारमा समान पारिश्रमिकको व्यवस्था हुनु पर्दछ । यसको लागि संस्थागत विद्यालयको सवालमा विद्यालय प्रशासन, व्यवस्थापन समिति र अभिभावकले

सोच्नु पर्ने अवस्था आएको छ । जुन विद्यालयमा शिक्षकको उचित कदर गरी उचित पारिश्रमिक एवम् सेवा सुविधा उपलब्ध गराइन्छ यो विद्यालयको शैक्षिक स्तर स्वतः माथि उठेको हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

## ५.२. सुझावहरु

अध्ययन अनुसन्धानका क्रममा प्राप्त निष्कर्षका आधारमा नीति निर्माण तह, अनुसन्धान तह र कार्यान्वयन तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१. नीतिगत तह

संस्थागत विद्यालयका शिक्षकहरुको कार्यभार, सेवासुविधा र पारिश्रमिकले शिक्षण सिकाइमा पार्ने प्रभावका बारेमा अध्ययन गरियो तत्पश्चात संस्थागत विद्यालयका शिक्षकहरु माथी हुने गरेको श्रमशोषण हिसाबले अधिक रहेको पाइएको हुँदा कुनै पनि शैक्षिक संस्थामा काम गर्ने शिक्षकलाई सरकारी तवरको सेवा सुविधा प्रदान गर्ने नीति तयार हुन सकेका खण्डमा संस्थागत विद्यालयमा अध्यापन गराउन शिक्षकले पनि उचित सेवा सुविधा प्राप्त गर्न सक्ने र शिक्षकलाई अध्यापन कार्यमा प्रोत्साहन हुन गई शैक्षिक उपलब्धि वृद्धिका लागि थप सहयोग पुग्ने देखिन्छ । संस्थागत विद्यालयमा पनि शिक्षकको नियुक्ति, पारिश्रमिक सरुवा, बढुवा पदोन्नति दण्ड, जरिमाना पुरस्कार वर्खास्ती जस्ता कुराहरुको नीति तयार हुन सकेको खण्डमा शैक्षिक गुणस्तरका लागि थप सहयोग पुग्दछ । संस्थागत विद्यालयमा शिक्षकहरुको पेशा सुरक्षित नुहुनाका साथै आवश्यक परेमा राख्ने र आवश्यक नभएका नराख्ने जस्ता कार्यकलाप बढिमात्रामा हुने हुँदा शिक्षकलाई गरिने व्यवहार सामुदायिक र संस्थागत विद्यालय दुवैमा बराबर हुनु पर्ने, सामुदायिक विद्यालय बराबरको सेवा सुविधा दिन नसक्ने कुनै पनि संस्थागत विद्यालयले विद्यालय संचालन गर्न नपाउने भन्ने जस्ता नीतिहरु  सरकारी तवरबाटै निर्माण हुन सकेका खण्डमा शिक्षकहरुको हक हित हुन पुग्नुका साथै आफ्नो पेशा सुरक्षित हुन जाने हुँदा उनीहरुलाई विकल्प खोज्नु पर्ने अवस्था नरहने र शैक्षिक गुणस्तर पनि वृद्धि हुने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको उचित हक हित तथा आवश्यक नीतिको तय गरी त्यसको उचित कार्यान्वयन का लागि एउटा सक्षम, निश्पक्ष, शक्तिशाली सबैधानिक शिक्षा आयोगको गठन गर्न पहलकदमी थाल्नु पर्छ साथै यी कुराहरुलाई चूस्त दुरुस्त कार्यान्वयन गराउन निरन्तर अनुगमन, निशिक्षण र सुपरिवेक्षणको व्यवस्थाा अविलम्म खडा गर्न सकेका खण्डमा निर्माण भएका नीति नियमको उचित कार्यान्वयन हुन पुगी शिक्षकहरुको सेवा सुविधा एवम् पारिश्रमिकमा सुधार आइ उनीहरुलाई शिक्षण पेशाप्रति प्रोत्साहन हुनुका साथै शैक्षिक गुणस्तरमा समेत वृद्धि हुने देखिन्छ । विद्यालयमा कार्यरत प्र.अ. एवम् व्यवस्थापन समितिले यसलाई कार्यान्वयनमा ल्याई शिक्षकहरुलाई उचित सेवा सुविधा दिएर शिक्षण कार्यकलापमा लगाउन सकेका खण्डमा भोलिका दिनमा शैक्षिक गुणस्तर सुधारका लागि थप सहयोग पुग्ने देखिन्छ । विद्यालयका सम्पूर्ण शिक्षकलाई समान व्यवहार गर्नुका साथै विद्यालयका शिक्षकहरुको प्रोतसाहनका लागि विद्यालय प्रशासनमा आवश्यकता अनुसार दण्ड र पुरस्कारको व्यवस्था गर्नु आवश्यक देखिन्छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको सम्पूर्ण पक्षको निमित्त अनुगमन गरी आवश्यक मात्रमा निर्देशन गर्नु पर्दछ । विद्यालयमा अभिभावकहरुलाई ल्याई शिक्षकहरुको समस्याहरु बुझ्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

### ५.२.३. अनुसन्धान तह

कुनै पनि एउटा विषयमा गरिएको शोधले सबै समस्याको समाधानको लागि मार्ग प्रशस्त गर्न नसक्ने हुँदा भोलिका दिनमा यस अध्यनय अनुसन्धानसँ सम्बन्धित भएर अध्ययन गर्न चाहने जो कोही अनुसन्धानकर्ताले अध्ययन गर्दा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको तहगत अवस्था के कस्तो रहेको छ ? प्रा.वि.,नि.मा.वि. र मा.वि. तहमा अध्यापन गराउने शिक्षकहरुलाई के कस्तो सेवा सुविधा प्रदान गरिएको छ भन्ने बारेमा

गहन अध्ययन अनुसन्धान गर्नुका साथै उचित सेवा सुविधा प्रदान गर्न नसक्नुका कारणहरु, उचित सेवा सुविधाको अभावमा विद्यालयमा देखा परेका असरहरु भोलिका दिनमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकहरुलाई के कसरी प्रोत्साहन गर्नु आवश्यक छ भन्ने बारेमा गहन अध्ययन अनुसन्धान हुन सकेका खण्डमा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षकहरुका समस्याहरुको न्यूनीकरण हुन पुगी उनीहरुलाई पेशाप्रति प्रोत्साहन हुन गई शैक्षिक सुधारका लागि थप सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भ ग्रन्थहरु


के.सी, फत्त बहादुर (२०४९), *व्यवस्थापनको सिद्धान्त,* काठमाडौँ : सुकुन्दा पुस्तक भवन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०५६) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* , काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

*नेपालमा शिक्षा आयोगका प्रतिवेदनको संग्रह (२०६८),* बागबजार: आशिष पुस्तक भण्डार ।

*नेपाल जनार्दन (निर्देशक शिक्षा विभाग) र अन्य सदस्यहरुद्वारा प्रस्तुत प्रतिवेदन,* संस्थागत विद्यालयको शुल्क तथा छात्रवृत्ति निर्धारण कार्यदलद्वारा प्रस्तुत प्रतिवेदन ।

पौडेल, भोलानाथ (२०६०) *काठमाडौं जिल्लाका सामुदायिक र संस्थागत माध्यामिक विद्यालयहरुका शिक्षण सिकाईमा व्यवस्थापन समितिको भूमिका एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र महेन्दरत्न क्याम्पस ताहचल काठमाडौँ ।

*शिक्षा नियमावली (२०५९),* काठमाण्डौ, पैरवी प्रकाशन ।

शिक्षक मासिकका अंकहरु, (२०७१) ।

Khanal, (2062) *Educational Research methodology* Kathmandu: Sunlight publication.

Tuladhar Suman Kamal (2000), *A situational Analysis of public and private School in Kathmandu valley,* Kathmandu: Fullbiright Alunmi Association of Nepal.

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसूची :- १

अभिभावकका लागि अर्न्तवार्ता प्रश्नावली

विद्यालयको नामः .......................................................................

अभिभावकको नामः ................................ पेशाः- ..............................

१. तपाईको घर देखि विद्यालय कति टाढा पर्दछ ?

उत्तर

.........................................................................................................

२. बच्चा आफै जाने आउने गर्दछ वा कसैले पुऱ्याउने गर्दछ ?

उत्तर

.....................................................................................................

३. बच्चाको खाजाको व्यवस्था कसरी गर्नु हुन्छ?

उत्तर...................................................................................................

४. बच्चा नियमित रुपमा विद्यालयमा पठाउने गर्नु हुन्छ वा हुदैन ?

उत्तर ..................................................................

५. बच्चाको पढाईको निर्भरता विद्यालयमा मात्र हुन्छ वा घरमा पनि ?

उत्तर ..........................................................................

६. बच्चाको बारेमा बुझ्न विद्यालयमा जाने आउने कतिको गर्नुहुन्छ ?

उत्तर .................................................................

७. बच्चा विद्यालय जान कतिको मन गर्दछ?

उत्तर ....................................................................

८. विद्यालयमा जाने बच्चाको नाम र उमेर कति हो ?

उत्तर ....................................................................................

९. बच्चको लागि मासिक रुपमा विद्यालयमा औसत कति रकम बुझाउने गर्नुहुन्छ ?

उत्तर ..........................................................................

१०. विद्यालयको बारेमा छलफलमा सहभागी भै सहयोगीको भूमिका निर्वाह गर्नु भएको छ वा छैन?

उत्तर ........................................................................

११. तपाईको विचारमा विद्यालयको विकासमा देखिएका समस्याहरु के के छन् ?

उत्तर ........................................................................

१२. विद्यालयको संस्थागत विकासमा अभिभावकको भूमिका बारे तपाईको सुझाव के छ ?

उत्तर ........................................................................

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसूचीः- २

विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नामः-......................................... योग्यता :- ...................

१. विद्यालयको व्यवस्थापन समितिको गठन कति कति समयमा हुन्छ?

उत्तर ..........................................................................

२. विद्यालयको भवन, खेल मैदान, खानेपानी र शौचालय जस्ता भौतिक सुविधाको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................

३. अभिभावक भेला बोलाई विद्यालयको बारे छलफल हुने गरेको छ वा छैन ?

उत्तर ..........................................................................

४. विद्यालयको लागि आर्थिक स्रोतको व्यवस्था कहाँबाट हुने गरेको छ?

उत्तर ..........................................................................

५. विद्यार्थीका लागि मासिक शुल्क हरेक शैक्षिक सत्रमा फरक निर्धारण हुने गरेको छ ?

उत्तर ..........................................................................

६. शिक्षक कर्मचारीको नियुक्ति वा छनौट कसरी गर्ने गर्नु भएको छ?

उत्तर ..........................................................................

७. नियमित वैठक वस्छ वस्दैन र सो को प्रतिवेदन सम्वन्धित सरोकारवालामा पठाउनु पर्ने भए पठाउने गर्नु भएको छ वा छैन ?

उत्तर ..........................................................................

८. सरोकारवालाहरुसंगको सम्वन्ध समन्वय र सहकार्य के कस्तो रहेको छ ?

उत्तर ..........................................................................

९. अभिभावक, शिक्षा र सामुदायिक जागरण कार्यक्रम संचालन गर्नु भएको छ ?

उत्तर ..........................................................................

१०. मासिक शुल्क वाहेक विद्यार्थीसंगवाट के के शिर्षकमा शुल्क लिने गर्नु भएको छ ?

उत्तर ..........................................................................

११. विद्यालयका मुख्य समस्याहरु के के रहेका छन् ?

उत्तर ..........................................................................

१२. विद्यालयलाई प्रभावकारी रुपमा संचालन गर्न तपाईको तर्फवाट के के सुझावहरु हुन सक्छन् ?

उत्तर ..........................................................................

१३. संस्थागत विद्यालयका शिक्षक वर्गमा कस्तो उत्प्रेरणा प्रदान गर्न सकिएला ?

उत्तर ..........................................................................

१४. कस्तो उत्प्रेरणा प्रदान गर्दा शिक्षण कार्य अझ वढी प्रभावकारी वनाउन सकिएला ?

उत्तर ..........................................................................

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसूची ३

संस्थागत विद्यालयका शिक्षकको लागि अन्तर्वाता प्रश्नावली

नाम : ............................................... लिङ्ग: ...............

अनुभव वर्ष : ....................................... शैक्षिक योग्यता : .....

१. तपाई आफ्नो पेशालाई कुन रुपमा लिनु भएको छ ?

उत्तर .........................................................................

२. तपाईलाई यस विद्यालयमा शिक्षक हुन पाएकोमा कस्तो लागेको छ ?किन ?

उत्तर ख

३. यस विद्यालयमा शिक्षक हुनु भएको कति अवधि भयो ?

उत्तर .........................................................................

४. तपाई आफ्नो पारिश्रमिक प्रति कत्तिको सन्तुष्ट हुनु भएको छ ?

उत्तर .........................................................................

५. मासिक रुपमा तलव भत्ता कति प्राप्त गर्ने गर्नु भएको छ ?

उत्तर .........................................................................

६. विद्यालयको आर्थिक अवस्था कस्तो छ?

उत्तर .........................................................................

७. तपाई आफ्नो पारिश्रमिक वाहेक अन्य सेवा सुविधाहरु के के पाउनु भएको छ आफ्नो अवधारणा राख्नुहोस् ।

उत्तर .........................................................................

८. शिक्षक र प्र.अ. / प्राचार्यवीच कस्तो सम्वन्ध रहेको छ र किन ?

उत्तर .........................................................................

९. विद्यालयको राम्रो नतिजा प्राप्तिमा कत्तिको समर्पित हुनु हुन्छ ? किन ?

उत्तर .........................................................................

१०. विद्यालयले तपाईलाई कसरी उत्प्रेरित गर्ने गरेको छ ?

उत्तर ........................................................................

११. शैक्षिक सामग्री प्रयोग कत्तिको गर्नु हुन्छ ? किन ?

उत्तर ........................................................................

१२. शिक्षकहरु आफ्नो पेशा प्रति सन्तुष्ट नभएमा कुन कुन पक्षमा असर पर्छ जस्तो लाग्दछ ?

उत्तर ........................................................................

१३. संस्थागत विद्यालयका शिक्षकहरुमा कस्तो असमानता छ ?

उत्तर ........................................................................

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसूची ४

शिक्षक अभिभावक संघका अध्यक्ष लागि नमूना अन्तरवार्ता प्रश्नहरु

नाम : ............................................... योग्यता : .............

१. विद्यालय र शिक्षक अभिभावक संघ वीचको सम्वन्ध कस्तो हुनु पर्दछ ?

उत्तर ...........................................................................

२. शिक्षक अभिभावक संघले शैक्षिक गुणस्तर वृद्धि गर्न कस्तो भूमिका खेल्न सक्दछ ?

उत्तर ...........................................................................

३. तपाई विद्यालयको लागि कति समय दिनु हुन्छ? किन ?

उत्तर ..........................................................................................................

४. तपाई विद्यालय कुन कुन वेला जाने गर्नु भएको छ ?

उत्तर .................................................................................................

५. विद्यालयमा विद्यार्थी शुल्क निर्धारणमा कस्तो भूमिका गर्नु हुन्छ ?

उत्तर ...........................................................................................................

६. शिक्षक अभिभावक संघको वैठक वस्दा प्राय कस्ता कुरामा छलफल गर्ने गर्नु भएको छ?

उत्तर ..........................................................................................................

७ विद्यालयका शिक्षकहरुले देखाएको समस्या प्रति कत्तिको महत्वदिनु पर्दछ ?

उत्तर ...........................................................................................................

८. विद्यालयका शिक्षकहरुलाई कार्यभार विभाजन गर्दा केलाई प्राथमिकता दिनु पर्दछ ?

उत्तर ..........................................................................................................

९. शिक्षकहरुको मनोवल वृद्धिको लागि शिक्षक अभिभावक संघले केके गर्नुपर्ला ?

उत्तर .........................................................................................................

१०. शिक्षकहरुको कार्यभार अनुसार पारिश्रमिक सेवा सुविधा नपाएमा उनिहरुमा कस्तो असर पर्ला?

उत्तर ..........................................................................................................

११. शिक्षकहरुको आफ्नो पेशाप्रति सन्तोष नभएमा कस्तो समस्या आउन सक्छ ?

उत्तर .........................................................................................................

१२. विद्यालयमा शिक्षकहरुको समस्या समाधानका लागि के कस्ता उपाय अपनाउनु पर्ला ?

उत्तर ............................................................................................................

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसूची ५

प्र.अ. ⁄ प्राचार्यका लागि नमूना अन्तरवार्ता प्रश्नावली

नाम : ............................................... लिङ्गः ...............

अनुभव वर्ष : ....................................... शैक्षिक योग्यता : .............

१. विद्यालयको प्र.अ. ⁄ प्राचार्यलाई कुन रुपमा लिनु पर्ने जस्तो लाग्छ ? किन ?

कारण

.........................................................................................................

२. विद्यालयको समस्याको बारेमा सर्वप्रथम को संग छलफल गर्नु पर्दछ ? किन ?

क) विद्यालय व्यवस्थापन समिति ख) शिक्षकहरुसंग

ग) अभिभावकसंग घ) अन्य चन्दादातासंग

कारण.........................................................................................................

३. स्टाफ वैठक कुन समयमा राख्नु हुन्छ ?

क) मासिक रुपमा ख) पाक्षिक रुपमा

ग) आवश्यक भएमा मात्र घ) शिक्षकको माग अनुसार

४. तपाईले शिक्षकको समस्यालाइ कुन रुपमा लिनु हुन्छ र किन ?

क) गहन रुपमा ख) सामान्य रुपमा

ग) बेवास्ता

५. शिक्षकको मनोवल बृद्धि गर्न के गर्नुपर्छ जस्तो लाग्छ ?

क) आमवश्यकता अनुसार दण्ड र पुरस्कार ख) राम्रो सम्वन्ध

ग) तलव भत्ताको सुविधा घ) बढुवाको व्यवस्था

६. शैक्षिक योजना बनाउँदा शिक्षकलाई कत्तिको सहभागि गराउनु हुन्छ ?

क) पूर्ण रुपमा ख) आंशिक रुपमा ग) आवश्यकता अनुसार

७. शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि कुन पक्षलाई वढी महत्व दिनु पर्दछ ?

क) प्रशिक्षक ख) अभिभावक ग) विद्यार्थी

घ) विद्यालय व्यवस्थापन समिति

८. शिक्षकको सुझावलाई कत्तिको कार्यान्वयन गर्नु हुन्छ ?

क) आवश्यक ठानेमा ख) आंशिक रुपमा

ग) गर्दिन घ) पूर्ण रुपमा गर्छु

९. विद्यालयमा शिक्षकहरुको कस्तो आवश्यकता महशुस गर्नु भएको छ किन ?

क) महत्वपूर्ण ख) सामान्य

ग) साधारण रुपमा घ) विद्यालय निर्माणकर्ताको रुपमा

कारण.................................................................................................

१०. के को आधारमा पारिश्रमिक निर्धारण गर्नु पर्छ जस्तो लाग्छ ? किन ?

क) शैक्षिक योग्यता अनुसार ख) तह अनुसार

ग) विद्यालयको आम्दानी अनुसार घ) कार्यभार अनुसार

कारण.................................................................................................

११. शिक्षकहरुको सुझाव अनुसार कार्य गर्दा के कस्तो असजिलो पना वेहोर्नु परेको छ ?

कारण.................................................................................................

१२. शिक्षक मानसिक रुपमा सन्तोष नभएमा प्रत्यक्ष रुपमा कुन पक्षलाई असर पर्दछ ?

क) शिक्षक आफै ख) विद्यार्थी ग) विद्यालय घ) समाज

१३. के संस्थागत विद्यालयका शिक्षकहरु आफ्नो पारिश्रमिक सेवा, सुविधा र कार्यभार प्रति सकारात्मक छन् त ?

कारण.................................................................................................

१४. संस्थागत विद्यालयहरुले विद्यालयको शिक्षकलाई दिइएका पारिश्रमिक सेवा सुविधा र कार्यभार कस्तो रहेको छ ?

कारण.................................................................................................

## शिक्षकहरुले पाउनेसेवा सुविधाले शैक्षिक सुधारमा पारेको प्रभाव

अनुसुचीः- ६

छनोटमा परेका स्वंस्थागत विद्यालयहरुको विवरण

| ऋ.सं . | संस्थागत विद्यालयको नाम | ठेगाना | कैफियत |
| --- | --- | --- | --- |
| ) | चिल्ड्रेनलाइफ इङगलिस् बोडिङ स्कुल | बा.न.पा १ | |
| ) | होली चाइल्ड आवासिय माध्यामिक विद्यालय | वा.न.पा. २ | |
| ) | सन राइज आवसिय उ.मा.वि. | वा.न.पा. ३ | |
| ) | अमर आदर्श आवासिय उ.मा.वि. | वा.न.पा. २ | |